जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष १० अंक १७, २०७८ साल मंसिर १० गते शुक्रबार, नेपाल संवत् ११४२ (Nov. 27, 2021) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

### ताइवानलाई निमन्त्रणा, चीन क्रुद्ध

काठमाडौं। अमेरिकी राष्ट्रपति जो बाइडेनले आयोजना गरेको प्रजातान्त्रिक शिखर सम्मेलनमा ताइवानसहित एक सय १० देशका प्रमुख तथा प्रतिनिधिहरूलाई निमन्त्रणा गरेका छन्। एएफपीका अनुसार भर्चुअल माध्यमबाट हुने सम्मेलनमा एक सयभन्दा बढी देशका प्रमुख तथा प्रतिनिधिहरू सहभागी हुने अपेक्षा गरिएको छ।

लोकतन्त्रलाई केन्द्रमा राखेर आयोजना गरिएको सम्मेलनमा सहभागिताका **बाँकी ८ पेजमा**

### मोबाइल कल सस्तिँदै

काठमाडौं। नेपाल दूरसञ्चार प्राधिकरणले अन्तरआबद्धता शुल्क घटाउने भएको छ। एउटा सेवा प्रदायकको नम्बरबाट अर्को सेवा प्रदायकको नम्बरमा कल गर्दा लाग्ने शुल्क ४४ पैसा घटाइएको छ। प्राधिकरणले 'अन्तरआबद्धता निर्देशिका-२०७६' लाई कार्यान्वयन गर्ने निर्णयसँगै मोबाइल कलको शुल्कदर घट्ने भएको हो। यो व्यवस्था आगामी माघ १ गतेदेखि लागू हुनेछ। यो व्यवस्थाअनुसार फरक-फरक सेवा प्रदायकको नम्बरबाट कल गर्दा एउटा सेवा प्रदायकले अर्को सेवा प्रदायकलाई भुक्तानी गर्ने रकम घट्ने भएको हो। नेपाल **बाँकी ८ पेजमा**

# एमसीसी : अस्वाभाविक अमेरिकी दबाब

**एमसीसी प्रकरण**

काठमाडौं। अति महाशक्ति राष्ट्र संयुक्त राज्य अमेरिकाले दक्षिणपूर्वी हिमाली राज्य नेपाललाई आफ्नो 'सुरक्षा राडार' भित्र राख्न भरमग्दुर प्रयास गरिरहेको छ। इन्डोप्यासिफिक स्ट्राटेजी अन्तर्गतको ५० करोड अमेरिकी डलरको अनुदान सम्झौता एमसीसीलाई संसदबाट पारित गराउन अमेरिकाले कडा दबाब दिन थालेको छ। यसकै लागि हालै मात्र दक्षिण तथा मध्य एसियाली मामिलासम्बन्धी विदेश सहायक मन्त्री डोनाल्ड लु र उनी मातहतकी उपसहायक मन्त्री केलिकेन्डरलिङले काठमाडौं भ्रमण गरी फर्किएका छन्। यहाँ रहँदा यी अमेरिकी नेताहरूले प्रधानमन्त्री, परराष्ट्र मन्त्रीदेखि शीर्ष राजनीतिक दलहरूका नेतालाई भेटेर अविलम्ब एमसीसी संसदबाट पारित गराउन सुझाएका छन्। यदि एमसीसी सम्झौता पारित नगरिए त्यसले नेपाल अमेरिका कूटनीतिक सम्बन्धमा प्रभाव पार्न सक्ने चेतावनी समेत उनीहरूले



दिएका छन्। एमसीसी देशको स्वतन्त्रता र सार्वभौमिकतासँग प्रत्यक्ष जोडिएकाले दल र तिनका नेताहरू तत्काल यसलाई पारित गराउन भने हच्किएका छन्।

नेपाल र अमेरिकाबीच कूटनीतिक सम्बन्ध स्थापनाको ७५ वर्षको पूर्वसन्ध्यामा राष्ट्रपति जो वाइडेनका उच्चतम प्राथमिकताहरूको सन्दर्भमा भ्रमण भएको अमेरिकी दूतावासले जनाएको छ। नेपाल र अमेरिकाबीच १२ वैशाख २००४ सालमा कुटनीतिक सम्बन्ध स्थापना भएको थियो। नेपालले ०१४ मा अमेरिकामा र अमेरिकाले ०१५ सालमा नेपालमा दुताबास स्थापना गरेका थिए। बेलायतपछि नेपालले कूटनीतिक सम्बन्ध स्थापना गरेको दोस्रो मुलुक हो, त्यतिबेला भारत ब्रिटिस उपनिवेशबाट स्वतन्त्र भइसकेको थिएन।

दक्षिण एसियाकै अर्को मुलुक माल्दिभ्स भ्रमणमा कात्तिक २९ मा निस्केका लु मालेबाटै काठमाडौं आएका थिए। सहायक विदेशमन्त्री लुले पाँच मध्य एसियाली मुलुक काजकस्तान, किर्गिस्तान, ताजिकिस्तान तुर्कमनिस्तान र उज्वेकिस्तान तथा दक्षिण एसियाली मुलुकहरू नेपाल, भारत, भुटान, बंगलादेश, पाकिस्तान, श्रीलंका, माल्दिभ्स र अफगानिस्तानसँग अमेरिकी सम्बन्ध हेर्दै आएका छन्। किर्गिस्तान र अल्वानियाका लागि अमेरिकाका राजदूत भइसकेका लुले दिल्लीस्थित अमेरिकी दुताबासमा उपनियोग प्रमुखका रुपमा पनि कार्य गरेको अनुभव छ। सहायक मन्त्री लुले डिसेम्बरमा अमेरिकामा आयोजना हुने विश्व प्रजातन्त्र सम्मेलनमा सहभागी हुन प्रधानमन्त्री शेरबहादुर देउवालाई निमन्त्रणा समेत दिएको कूटनीतिक स्रोतले बतायो।

प्रमुख कार्यवाहक सहायक विदेशमन्त्री एलिसवेल्सले सन २०१८ अगस्तमा भ्रमण गरेपछि नेपाल आएका मन्त्री लु अमेरिकाका सबैभन्दा उपल्लो तहका पदाधिकारी हुन्। विदेशमन्त्री एन्टोली ब्लिन्कनपछि चार तह मुनि सहायक मन्त्री लु छन्। सन् २००२ मा नेपालमा माओवादी सशस्त्र द्वन्द्व चलिरहेका बेला अमेरिकी विदेशमन्त्री कोलिन पावेल आएका थिए। त्यसयता अमेरिकाबाट त्यो तहको उच्च अधिकारीबाट नेपाल भ्रमण हुन सकेको छैन। नेपालका तर्फबाट सन् २०१८ को डिसेम्बरमा तत्कालीन परराष्ट्र मन्त्री प्रदीप ज्ञवालीले अमेरिकाको भ्रमण गरेका थिए। केही साताअघि कोप २८ का दौरान बेलायतका प्रधानमन्त्री वेरिस जोन्सनले दिएको रात्रिभोजमा प्रधानमन्त्री शेरबहादुर देउवा र अमेरिकी राष्ट्रपति जो वाइडेनको जम्काभेट भएको थियो।

पछिल्लो समय नेपाल अमेरका सम्बन्धमा एमसीसी सम्झौता पेचिलो विषय बनेको छ। सन् २०१७ मा हस्ताक्षर भएको उक्त सम्झौता नेपालको संसदबाट अनुमोदन हुन नसक्दा कार्यान्वयन अघि बढेको छैन। त्यही कारण अमेरिका नेपालसँग असन्तुष्ट छ। यसअघि एमसीसीका उपाध्यक्ष फातिमा सुमाखो नेपाल भ्रमण र एमसीसी मुख्यालयले पटक पटक जारी गरेको विज्ञप्तिमा पनि सम्झौता कार्यान्वयनमा भइरहेको ढिलाइलाई लिएर चासो व्यक्त गरिएको थियो।

अमेरिकाले एमसीसी सम्झौता संसदबाट शीघ्र पारित गर्न आग्रह गर्दै आएको छ। सुमारले एमसीसी सम्झौतालाई राजनीतिक विषय नबनाउन आग्रह समेत गरेकी थिइन्। प्रधानमन्त्री शेरबहादुर देउवा र माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले राजनीतिक सहमति बनाएर एमसीसीबारे निर्णय गर्ने पत्र अमेरिकी सरकारलाई पठाएका छन्। माओवादी केन्द्रले भने यथास्थितिमा एमसीसी सम्झौता पारित गर्न नसकिने औपचारिक निर्णय गरिसकेको छ। नेपाली कांग्रेस एमसीसी अनुमोदन गराउने पक्षमा छ। सत्ता गठबन्धनभित्रको अर्को दल एकीकृत समाजवादीले एमसीसीबारे धारणा बनाएको छैन। जनता समाजवादी पार्टीका संघीय परिषद् अध्यक्ष डा.बाबुराम भट्टराईले **बाँकी ८ पेजमा**

## आजदेखि एमालेको कुम्भ मेला


काठमाडौं। राजनीतिक दलहरूको महाधिवेशनको मौसम सुरु भएको छ। गत कात्तिक २८,२९ र ३० गते सीपी मैनाली नेतृत्वको नेकपा मालेले चितवनमा आफ्नो महाधिवेशन सफलतापूर्वक सम्पन्न गरेको छ। फेरि पनि शीर्ष नेतृत्व



(महासचिव) मा मैनाली नै चयन भएका छन्। मैनाली मालेका संस्थापक महासचिव समेत हुन्। मनमोहन अधिकारी नेतृत्वको पार्टीसँग एकता गरेपछि माले एमालेमा परिवर्तन भएको हो। ०५४ सालमा महाकाली सन्धिमा एमालेको तत्कालीन नेतृत्वले राष्ट्रघात गरेपछि एमाले चोइटियो। वामदेव गौतमको नेतृत्वमा **बाँकी ८ पेजमा**

## सुगौली सन्धि र सन् १९५० को सन्धि गायब

काठमाडौं। परराष्ट्रमन्त्री नारायण खड्काले नेपाल तथा एसियाली अध्ययन केन्द्र (सिनास) ले राजधानीमा आयोजना गरेको एक कार्यक्रममा बोल्दै भने- 'सुन्दा दुःख लाग्छ। तर यो सत्य हो, नेपाल सरकारसँग सन् १८१६ को सुगौली सन्धि र सन् १९५० को शान्ति तथा मैत्री सन्धिसहितका महत्वपूर्ण दस्तावेजको सक्कलप्रति नै छैन। यस्तो ऐतिहासिक दस्ताबेजको सक्कल नहुनुले हाम्रो राष्ट्रिय चरित्र देखाउँछ। महत्वपूर्ण सन्धिका सक्कलप्रति छैनन् भन्ने खड्का पहिलो परराष्ट्रमन्त्री भने होइनन्। २०७६ साल साउन २१ मा तत्कालीन परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीले संसदको प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिमा सुगौली सन्धि र सन् १९५० को सन्धिको सक्कलप्रति सरकारसँग नरहेको र खोजी कार्य जारी रहेको बताएका थिए।



समितिका सभापति रामनारायण बिडारीले मन्त्री ज्ञवालीलाई सोधेका थिए- मन्त्रीज्यू, सुगौली सन्धि, सन् १९५० को सन्धि लगायत महत्वपूर्ण दस्तावेज कहाँ छन्? समितिलाई जानकारी चाहियो?' जवाफमा मन्त्री ज्ञवालीले भने- सुगौली सन्धि र सन् १९५० को सन्धिका बारेमा प्रश्न यथावत नै छन्। खोज्नका लागि ब्रिटिस लाइब्रेरी र कोलकाता लाइब्रेरीमा पत्राचार गरेका छौं। केही महत्वपूर्ण दस्तावेज भने कानुन मन्त्रालयमा पनि छन्। यहाँ भएका र बाहिर भएका दस्तावेजलाई अध्ययन गरेपछि मात्र हामीसँग के के छन् भन्नेबारे थाहा हुन्छ। विगतमा **बाँकी ८ पेजमा**

### मूल्यवृद्धि फिर्ता लिन माग

काठमाडौं। संयुक्त विद्यार्थी संगठनले पेट्रोलियम पदार्थमा गरिएको मूल्यवृद्धि फिर्ता लिन माग गर्दै प्रधानमन्त्री शेरबहादुर देउवालाई ज्ञापनपत्र बुझाएको छ। विभिन्न ६ विद्यार्थी संगठनले संयुक्त रूपमा पेट्रोलियम पदार्थको मूल्यवृद्धि फिर्ता लिन माग गर्दै प्रधानमन्त्री देउवालाई बुधबार बिहान बालुवाटार पुगेर ज्ञापनपत्र बुझाएका हुन्।

ज्ञापनपत्र बुझाउने क्रममा प्रधानमन्त्री देउवाले मूल्यवृद्धिको विषयमा सम्बन्धित निकायमा परामर्श गरेर सकारात्मक निर्णय लिने जवाफ दिएका अखिल (क्रान्तिकारी) की अध्यक्ष पञ्चा सिंहले जानकारी दिइन्।

ज्ञापनपत्रमा अखिल (क्रान्तिकारी) अध्यक्ष पञ्चा सिंह, अनेरास्ववियु अध्यक्ष सुदेश पराजुली, समाजवादी विद्यार्थी युनियन **बाँकी ८ पेजमा**

## नेपाली चिया रोक्ने भारतीय रणनीति

काठमाडौं। नेपाली चियालाई दार्जिलिङ ब्रान्ड बनाएर बिक्री गरेको खुलेपछि भारतको केन्द्रीय वाणिज्य मन्त्रालयको निर्देशनमा टी काउन्सिलले नेपाली चियामाथि पुनः प्रयोगशालामा परीक्षण गर्ने भएको छ। परीक्षणको नतिजा आएपछि मात्रै नेपाली चियालाई भारतीय बजारमा बिक्री इजाजत दिइनेछ।

नेपाल चिया उत्पादक संघका अध्यक्ष सुरेशकुमार मित्तलले परीक्षणको बहानामा नेपाली चियामाथि घुमाउरो पारामा निषेध गर्न खोजिएको आरोप लगाए। नेपाली चिया आयातका लागि भारत पानीट्यांकीको भन्सार **बाँकी ८ पेजमा**

## विदेश जाने युवाको लर्को

काठमाडौं। वैदेशिक रोजगारीमा जानेको संख्या क्रमशः बढ्दै गएको छ। वैदेशिक रोजगार विभागले सार्वजनिक गरेको प्रतिवेदनअनुसार गत कात्तिक महिनामा झन्डै ५५ हजार जनाले श्रम स्वीकृति लिएका छन्। सो अवधिमा संस्थागत रूपमा विभिन्न म्यानपावर कम्पनीमार्फत २७ हजार ७ सय ९ जना नेपाली कामदारले वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति लिएका छन्।

कात्तिकमा व्यक्तिगत प्रक्रियामार्फत विभिन्न देश जान १ हजार २ सय ६७ जनाले वैदेशिक रोजगारीको श्रम स्वीकृति लिएका छन्। सो अवधिमा वैधानिक माध्यमबाट १ हजार ४२ जना, पुनः श्रम स्वीकृतिमार्फत २४ हजार ९ सय ४७ जना गरी संस्थागत र व्यक्तिगततर्फबाट कुल ५४ हजार ९ सय १८ जनाले वैदेशिक रोजगारीमा जान श्रम स्वीकृति लिएका हुन्।

## फेरि बढ्यो व्यापारघाटा

काठमाडौं। मुलुकको अर्थतन्त्र थप कमजोर बन्दै गएको देखिएको छ। नेपाल राष्ट्र बैंकले गत साता सार्वजनिक गरेको देशको वर्तमान आर्थिक तथा वित्तीय स्थितिसम्बन्धी प्रतिवेदनअनुसार आयात र निर्यातबीचको असन्तुलन उच्चरुपमा बढ्दै गएको छ भने वैदेशिक रोजगारीबाट प्राप्त आय रेमिट्यान्स पनि कोभिड १९ कै कारण घट्दै गएको छ। सोही कारण विदेशी मुद्राको सञ्चिति तथा मुलुकको शोधनान्तर स्थिति पनि घटेको छ।

अर्थतन्त्रका यी प्यारामिटरहरू घट्दै जानुले पनि मुलुकको अर्थतन्त्र कमजोर बन्दै गएको देखिएको हो। राष्ट्र बैंकको उक्त प्रतिवेदनअनुसार चालू आर्थिक वर्षको पहिलो तीन महिनामा कुल वस्तु निर्यात एक सय नौ दशमलव पाँच प्रतिशतले बढेर ६५ अर्ब पाँच करोड रुपैयाँ पुगेको छ। यस्तो निर्यात अघिल्लो वर्षको सोही अवधिमा १४ दशमलव तीन प्रतिशतले बढेको थियो।

गन्तव्यका आधारमा भारत, चीन तथा अन्य मुलुकतर्फ **बाँकी ८ पेजमा**

## कालाकोटेहरूले आफ्नो इज्जत माटोमा मिलाए

**समय सन्दर्भ**

● पूर्ण ओली (पूर्वमहासेनानी)



पंचायतकालसम्म न्यायधीसहरूको इज्जत उच्चस्तरको थियो। कर्मचारी मध्यमा न्यायलयमा काम गर्नेको त्यति घूस खाएको थाहा हुँदैनथ्यो। कसैले घूस खाए पनि आफ्नो काम भएपछि मानिसहरू त्यति हल्ला गर्दैनथे। संचार माध्यम पनि अहिलेजस्तो पर्याप्त मात्रामा थिएनन् र भए पनि अदालतको विरुद्ध लेख्ने आँट गर्दैनथे।

२०३६ सालतिर यो पङ्तिकार इलाममा कार्यरत रहँदा एकजना अंचल न्यायधिसले एउटा मूर्तिचोरको केशमा ७०,००० घूस खाएको कुरा बजारमा हल्ला भयो। ती मूर्तिचोरको श्रीमतीलाई तत्कालिन प्रहरी निरीक्षकले गाउँमा उनको घरमा गएर तिम्रो श्रीमानलाई म छुटाउन सक्छु भनी ती महिलासँग



घूसको रुपमा केही गहना लिएका रहेछन्। तर जब महिला अदालत पुगिन् ऊ पहिले नै छुटिसकेको थाहा पाइन्। त्यसपछि ती पीडित महिलाले महिला संगठनकी सभापतिमार्फत ती महिलाको गहना फिर्ता गराएको थियो। जसले गर्दा ती प्रहरी अधिकृतको निकै बदनाम भयो। अंचल न्यायधिसलाई त्यसबेला कुनै कारबाही भएन तर केही समयपछि उनी अर्को क्षेत्रमा पुगेर पनि यस्तै घूस काण्डमा परेपछि राजाको सवारीको समयमा निजलाई बर्खास्त गरिएको सुनियो।

खासगरी बहुदलीय व्यवस्थापछि दलका नेताहरूले न्यायालयको दुरुपयोग गर्न थाले। न्यायालय बाहिरबाट पनि न्यायाधीसको नियुक्ति शुरु हुनथाल्यो। यसपछि सेटिङमा मुद्दाका फैसला हुनथाले। न्यायधीस एक्लैले घूस खान कठिन भएकोले उनले बिचौलियाको प्रयोग गर्न शुरु गरे। यसमा पहिलो बिचौलिया मुद्दा हेर्ने वकिल नै हुन्छन्। वकिलले आफ्नो क्लाइण्ट मार्फत न्यायाधीसको नाममा समेत एकैपटक घूसको पैसा लिने गरेको देखिन्छ।

कुनै पनि वकिलले ग्राहकसँग लिने फिसको बिल दिदैनन्। सिर्फ एकमुस्ट पैसा असुल्छन्। यस्ता कार्यमा नयाँ वकिलभन्दा पुराना वरिष्ठ वकिलको न्यायाधीससँग बलियो सेटिङ हुनु स्वभाविक हो। हामीले कतिपय ठूला अपराधीका मुद्दा हेर्ने वकिल हेर्‍यौं भने उनीहरू नाम चलेको ठूला वकिल नै हुन्छन्। उनीहरू प्राय मुद्दा हार्दैनन्। किनकि उनीहरूको राम्रो सेटिङ हुने गर्दछ। जब न्यायाधीस नै पैसाको लालची, घुस्याह र नैतिकहीन हुन्छन् त्यसपछि बिचौलियाको चलखेल पनि बढी हुनथाल्छ। त्यसपछि न्यायको मन्दिरबाट अन्याय मात्र हुन्छ अनि इमान्दार र सोझा जनताले न्याय पाउँदैनन्।

अहिले सर्वोच्चमा भइरहेको बिचौलिया र भ्रष्टाचार तथा सेटिङको बिषय **बाँकी ८ पेजमा**




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाईं

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सहसम्पादक
घनश्याम ओली

बजार व्यवस्थापन
रामशरण रिमाल

सम्पादन सहयोगी
गोविन्द विक

आजीवन सल्लाहकार

योगाचार्य वासुदेव ढकाल, डा. द्वारिकानाथ ढुंगेल, प्रा.डा. चन्द्रबहादुर जोशी, प्रा.डा. तुलसी पाठक, प्रा.डा. पार्थिवेश्वर तिमिल्सिना, प्रा.डा. नोवेलकिशोर राई, प्रा.डा. मुकुन्द रञ्जित, श्री बुद्धिनारायण श्रेष्ठ, श्री घनश्याम राजकर्णिकार, प्रा.डा. त्रिविक्रम भट्टराई, श्री युवराज भुसाल, डा. रोशना श्रेष्ठ, ई.श्री नरेन्द्रभूपाल मल्ल श्री सुष्मा वज्र(ाचार्य, ई. ध्रुव थापा, श्री उर्मिला जोशी, श्री वीरेन्द्रकुमार सिंह, श्री माधवप्रसाद उपाध्याय ढुंगेल, श्री खगेन्द्र ढकाल, डा. रीता सिंह (हमाल), श्री योगेन्द्रनाथ सुवेदी, श्री सम्झना पोखरेल (शाह), श्री कञ्चनमणि दीक्षित, श्री कृष्णहरि बाँस्कोटा, श्री प्रकाश शर्मा, डा. नर्बदा थापा, डा. शंकरप्रसाद सुरी, प्रा.डा. भरत पहारी, श्री सुनिता खनाल (प्याकुरेल) आ. रूपेश श्रेष्ठ

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

# सम्पादकीय

## वर्तमान सरकरको कार्यभार

राष्ट्रियसभा निर्वाचन आगामी माघ ८ गते गर्ने गरी सरकार र निर्वाचन आयोगबीच सहमति भएको छ । आगामी फागुन २० गतेदेखि राष्ट्रियसभाका २० सांसदहरूको पदावधि सकिँदैछ । जसमध्ये राष्ट्रपतिबाट मनोनित हुने एकजनाबाहेक १९ सिटमा निर्वाचन हुँदैछ । संविधानअनुसार पदावधि सकिनुभन्दा कम्तीमा ३५ दिनअघि राष्ट्रियसभाको निर्वाचन गरिसक्नुपर्नेछ । राष्ट्रियसभाका सांसदहरूको यो निर्वाचन पनि गठबन्धन र एमालेबीच नै प्रतिस्पर्धा हुने निश्चित छ । एमाले सत्ता नेतृत्वबाट बहिर्गमन भएपछि उसको ओरालो यात्रा सुरू भएको छ । एमाले प्रदेशहरूबाट पनि बढारिएको छ । अब हुने राष्ट्रियसभा सदस्यको निर्वाचनमा पनि गठबन्धनसँग एमाले पराजित हुने अंकगणितले प्रस्ट पारेको छ । तीनवटै तहका निर्वाचनसम्म गठबन्धन कायम रहे एमालेको पुनः सत्तारोहणको सपना क्षतविक्षत हुने विश्लेषण गरिएको छ ।

आगामी फागुनभित्र स्थानीय निर्वाचन सम्पन्न गराउने गरी निर्वाचन आयोगले मतदाता नामावली संकलन कार्य सुरू गर्न लागेको छ । पाँचवटै कार्यकालका लागि २०७४ वैशाखमा निर्वाचित स्थानीय तहका पदाधिकारीको अवधि आगामी जेठ ५ मा सकिँदैछ । कानुनअनुसार पदावधि सकिनुभन्दा दुई महिनाअघि स्थानीय तहको निर्वाचन गरिसक्नु पर्नेछ । जसअनुसार स्थानीय निर्वाचनको डेटलाइन आगामी चैत ५ गतेसम्म मात्रै हो । निर्वाचन आयोगले यही मंसिर १७ गतेदेखि १५ दिनमा भ्याउने गरी मतदाता नामावली संकलनको काम आरम्भ गर्न लागिएको जनाएको छ । तर प्रतिनिधिसभामा रिक्त भएका चार सिट र प्रदेश सभाहरूमा रिक्त भएका १८ सिटमा भने उपनिर्वाचन हुने नहुने निश्चित छैन । प्रतिनिधिसभा र प्रदेशसभाको कार्यकाल एक वर्ष पनि बाँकी नरहेका कारण उपनिर्वाचन हुने सम्भावना न्यून छ । उपनिर्वाचन हुँदा सबभन्दा लाभ पुग्ने भनेको सत्ताको नेतृत्व गरिरहेको पार्टी नेपाली कांग्रेसलाई नै हो । रिक्त भएका २२ मध्ये आधाजसो सिट नेपाली कांग्रेसका होइनन् तर उपचुनाव भएमा यी २२ मध्ये आधाजसो सिट नेपाली कांग्रेसले हात पार्ने सम्भावना छ । तर प्रधानमन्त्री समेत रहेका कांग्रेस र सभापति देउवाले उपनिर्वाचनका लागि खासै चासो देखाएका छैनन् । प्रधानमन्त्री हुनेबित्तिकै उनले चासो राखेको भए गत कात्तिक भित्रैमा उपनिर्वाचन भइसक्ने थियो ।

वर्तमान सरकारको कार्यकार भनेकै संविधानले निर्धारण गरेको समयसीमाभित्र तीनवटै तहको निर्वाचन सम्पन्न गर्नु हो । गत सोमबार एक सार्वजनिक कार्यक्रममा बोल्दै सरकारका प्रवक्ता एवं सूचना तथा सञ्चारमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले राष्ट्रियसभा र स्थानीय निर्वाचनको तयारी अघि बढिसकेको जनाएका छन् । सत्ता गठबन्धनमा सामेल दलहरूले पनि यी दुई निर्वाचनलाई लक्षित गर्दै समन्वय समिति गठन गरेका छन् । यदि मुलुकमा कुनै कठिन अवस्था उत्पन्न भएन भने २०७८ भित्रै स्थानीय निर्वाचन सम्पन्न हुनेछ । स्थानीय निर्वाचन सम्पन्न हुनु भनेको अहिलेको संघीय शासन व्यवस्था संस्थागत हुनु पनि हो । सरकारको उपस्थितिको अनुभव गर्न जनताले नपाएको आरोप प्रमुख प्रतिपक्षी दल एमालेले लगाउँदै आएको छ । प्रधानमन्त्री देउवाले सरकार सञ्चालनमा भन्दा कांग्रेस पार्टीको महाधिवेशनमा बढी ध्यान लगाएका कारण जनताले सरकारको उपस्थिति महसुस गर्न नपाएका हुन् । तर प्रधानमन्त्रीले आफ्नो पार्टीको महाधिवेशनलाई सर्वाधिक प्राथमिकतामा राख्नु दलीय शासन व्यवस्थामा अस्वाभाविक कुरा भने होइन ।

आमनिर्वाचनमार्फत प्रकट भएको जनादेश अनुसार वर्तमान सरकार गठन भएको होइन । यो सरकार सर्वोच्च अदालतले परमादेशमार्फत निर्माण गरिदिएको सरकार हो । तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले गरेको दोस्रो पटकको संसद विघटनको सिफारिसलाई राष्ट्रपति विद्यादेवी भण्डारीले गरेको जुन अनुमोदन थियो त्यसलाई सर्वोच्च अदालतको संवैधानिक इजलासले बदर गरिदिएपछि अपुताली स्वरूप कांग्रेस सभापति देउवाले सत्ता प्राप्त गरेका हुन् । विगतमा सर्वथा आलोचित र विवादास्पद छविलाई प्रधानमन्त्री देउवाले सुधार्ने जनअपेक्षा अब छैन । यो सरकारले सुशासन र विकास देला भनेर कुनै नागरिकले अपेक्षा पनि गरेका छैनन् । सरकारसँग नेपाली जनताले गरेको सिर्फ एउटै अपेक्षा छ– संविधानले तोकेको पूर्ण अवधि जनप्रतिनिधिले काम गर्न पाउन र संविधानले निर्धारण गरेको समयसीमाभित्र निर्वाचन सम्पन्न होस् ।

# भागवण्डाले देश नै सखाप पार्ने त होइन ?



**सुरेन्द्र ढकाल**

राज्यको लाभको पदमा प्रधानन्यायाधीस चोलेन्द्रले भागबण्डा पाएको भन्दै सम्पूर्ण न्याय जगत उनको राजीनामा माग गर्दैछ । राजीनामा नदिए उनलाई महाअभियोग लगाउनुपर्छ भन्दै मान्छेहरू कुर्लंदै पनि छन् । यसबारे सत्तारुढ घटक मौन छ किनभने उनै चोलेन्द्रको कारण उनीहरू सत्तारुढ भएका हुन् ।

उता ओलीको एमाले भने चोलेन्द्र मात्रै किन परमादेश गरी आफ्नो सरकार सत्ताच्यूत गर्ने पाँचैजना न्यायाधीसलाई महाअभियोग लगाई हटाउनुपर्छ भन्दैछ । जसले जे भने पनि प्रजातन्त्र योग्य मानिसको लागि योग्य पद ९च्च्नजत :बल ष्ल च्च्नजत एबिअभ० भन्ने कुरा नेपालको हकमा २०४६ सालमा प्रजातन्त्रको बहाली हुँदादेखि नै भएको छैन । जुन दल सत्तामा आयो उही दलका झोलेहरूले लाभको पदबाट फाइदा लिइरहेका छन् । शाखा अधिकृतबाट बढुवा भई भर्खर सहायक सचिव बनेका बलबहादुर कुँवरलाई श्रीलंकाको राजदुत बनाउने कांग्रेस अनि विष्णुहरिलाई जापानको राजदुत बनाउने एमाले, विरोधी दल राप्रपाका नेता हुँदाहुँदै पनि आफ्नो सासूलाई जापानको राजदूत बनाउने शेरबहादुर, अनि कुटनीतिको क को पनि ज्ञान नभएकाहरूलाई राजदुत माओवादीको सरकार सबै एउटै ड्याङका मूलाहरू हुन् ।

गणतन्त्र जन्माउने पनि यिनीहरू र फरियावाद र भागवण्डाको राजनीति गरेर शिशु गणतन्त्रको घाँटी निमोठ्ने पनि यिनीहरू । अनि हुँदैन गणतन्त्रको बिचल्ली ? चोलेन्द्रको कारण अब सिंगै न्यायक्षेत्र बदनाम भयो, गिरिजाको धमिजा, लाउडा काण्ड, तत्कालिन एमालेको चेज एअर काण्ड हुँदै केपी ओलीको वाइडबडी काण्डसम्म आइपुग्दा पंचायतकालमा लण्डन, फ्रान्कफर्ट, पेरिस अनि ओशाकासम्म उडान भर्न सफल राष्ट्रिय ध्वजावाहकलाई हेर्दा मात्रै पुग्छ अरु कुनै उदाहरण दिन पर्दैन । प्रजातन्त्रमा कतिको भ्रष्टाचार संस्थागत भयो भन्ने कुरा बुझ्न र देख्नलाई । अख्तियारका प्रमुख नै आफ्ना झोले हुने भएपछि कहाँबाट समातिन्छ ठूलो माछा ? २००७ सालदेखि २०६३ सम्म आउँदा हामीले प्रजातन्त्रको लागि बलिदान गऱ्यौं । प्रजातन्त्र त आयो तर न जनजीविकाको ग्यारेन्टी भयो न समृद्धि नै हासिल हुन सक्यो । भ्रष्टाचारले राजनीति गर्नेलाई नवसम्भ्रान्त बनायो तर देश ? त्यो खोक्रिंदै छ । अब हुने क्रान्तिले राष्ट्रघाती र भ्रष्टाचारीहरूको जरो उखेल्छ उखेल्दैन, त्यो हेर्न बाँकी छ ।

हिजोका क्रान्तिपश्चात् बनेका मल्लिक र रायमाझी आयोगको प्रतिवेदनका सिफारिसलाई कसको इसारामा रद्दीको टोकरीमा मिल्काइयो ? त्यसको लेखाजोखा पनि अब हुने क्रान्तिले गर्नुपर्छ । होइन भने हरेक क्रान्तिको उपज भनेको राष्ट्रघात र भ्रष्टाचारको संस्थागतीकरण हुने हो भने बेच्न पल्केकाहरूले पैसा पाउँदा देश बेच्न के बेर ? त्यसै सिक्किम भारतको पोल्टामा गएको होइन । अहिलेको भागवण्डाको राजनीतिले देशलाई कता लाँदैछ ? हरेक सचेत राष्ट्रभक्त र इमानदार नेपालीले सोच्न जरुरी छ । अहिलेको भगबण्डाले देश नै सखाप पार्ने त होइन ?

# भ्रष्टाचारको दलदलमा अदालत पनि

**पीपी शर्मा**

२०४६ सालपछि आएको सरकारसँगै भ्रष्टाचारमा बढोत्तरी हुँदै गयो । त्यसपछि ठूलाठूला भ्रष्टाचार काण्ड भइरहे । त्यसमध्ये केही ठूला भ्रष्टहरू कारबाहीमा परे भने धेरैजसो अदालतबाट सफाइ लिन सफल भए । अदालतप्रति जनताको पहिला विश्वास थियो, सम्मान थियो । जब ठूला भ्रष्टहरूलाई प्रमाणसहित अख्तियारले विशेष अदालतमा पुऱ्यायो विशेष अदालतले सफाइ दिन थालेपछि जनताको अदालतप्रतिको विश्वास घट्न थाल्यो । प्रहरीको सुडान काण्डमा ४ जना आईजीपी एकैपटक जेल परे तर गृहमन्त्रालयका सचिव र मन्त्रीलाई स्पष्टीकरण समेत सोधिएन । गृहमन्त्री र सचिवको सल्लाह र आदेशबिना यति ठूलो भ्रष्टाचारको कारबाही प्रहरी एक्लैले गर्न सक्ने कुरै होइन । एउटा प्रहरी हवल्दारको सरुवा बढुवा गर्न समेत गृह मन्त्रालयको दबाबमा हुने गरेकोमा यति ठूलो रकम मन्त्री, सचिवको संलग्नता नहुने कुरा थिएन ।

सुडान काण्डमा सुजाता कोइराला र उनका ज्वाइँ रुबेल चौधरीको नाम पनि भ्रष्टाचारमा जोडिएको थियो । त्यतिखेर शक्तिमा रहेको सरकारको कारणले निजहरूलाई कारबाहीको दायरामा पारिएन । शायद नेतालाई जोगाउने सेटिङ भएको हुनसक्छ । किनकि न्यायाधीस दलका कोटामा गएका हुन्छन् । सशस्त्र प्रहरीको भ्रष्टाचार काण्डमा ४ जना आईजीपी प्रमाणसहित अख्तियारले विशेष अदालतमा मुद्दा दायर गऱ्यो । चारैजना आईजीपीलाई विशेष अदालतका न्यायाधीसले सजिलैसँग अख्तियारले पूर्वाग्रही भएर मुद्दा चलाएको भनी सफाइ दियो । के अख्तियारले बिनाआधार प्रमाणबिना यति ठूलो मुद्दा अदालतमा पेश गरेको थियो होला ? यसको फैसलामा पनि सेटिङ थिएन भनेर कसरी भन्न सकिन्छ ? जनताले बल्ल बुझ्न थाले न्यायालयको सेटिङ ।

वकिलहरूले आवश्यक फि लिएर मुद्दा लड्नु ठूलो कुरा होइन । तर अत्यधिक पैसा लिने र त्यो पैसा न्यायधिससम्म पुऱ्याउनुपर्छ भनी वकिलहरूबाट पैसा मागिन्छ । अब न्यायधिसले पैसा लिने कुरा पनि ठूलो भएन किनकि अदालतले गठन गरेको हरिकृष्ण कार्की आयोगमा वकिलले न्यायधिसलाई पैसा बुझाएर भए पनि फैसला आफ्नो पक्षमा पार्न सक्ने लगायत धेरै कुरा समेटिएका छन् । प्रधानन्यायाधीसले कुन न्यायाधिसको बेन्चमा कुन मुद्दा पार्ने भन्ने कुरा समेत सेटिङमा हुने कुरा बाहिर आएका छन् । त्यसैले अब चिठ्ठा गरेर मुद्दा कसकसको बेन्चमा पार्ने भन्ने कुरा अघि बढेको छ । नाम चलेका वरिष्ठ वकिलहरूले संविधान र आदर्शको ठूला कुरा गर्छन् अनि लाखौं रुपियाँ लिएर ठूला भ्रष्टाचारी र ज्यानमाराका, जघन्य अपराधिका मुद्दा लिन्छन् । सेटिङमा मुद्दा लडने वकिलको न्यायाधिससम्म सेटिङ गरेर मुद्दा जितिने अब प्रष्ट भइसकेको छ । त्यही भएर यी वकिलहरूले न्यायधिसहरूको मुटु कलेजो छामिसकेका हुन्छन् । आफूले भनेको न्यायधिस बेन्चमा नआइन्जेल बहस अघि बढाउन नदिने वरिष्ठ वकिलहरू पनि देखियो । त्यतिमात्र होइन प्रधानन्यायधिसलाई समेत बेन्चबाट हटाउन बिदामा बस्न लगाउने वरिष्ठ वकिलको मनोमानी पनि हामीले देख्न पायौं । स्वयं प्रधानन्यायधिस संलग्न भएका विवादित मुद्दाका फैसला भएको पनि देखियो । पछिल्लो अवस्थामा प्रधानन्यायधिसले सरकारसँग बार्गेनिङ गरेर आफ्नो कोटामा मन्त्री पद मागेर सरकारले उनका आफ्ना जेठानलाई मन्त्री बनाइयो । त्यस्तै राजदुत पदसमेत प्रधानन्यायधिसले कोटामा मागेको प्रष्ट रुपमा बाहिर आयो । यसरी न्यायधिसहरू खुला रुपमा भ्रष्टाचारलाई पनि नाघेर सरकारका कमजोरी बुझेर उसलाई दबाब दिँदै आफूले भनेको कोटामा मन्त्री, राजदुत पद, पैसा, तक्मा आदि सबै सुविधा सहुलियत लिन थालेको देखियो । यसले चरम भ्रष्टाचार, अनैतिक सरकार मात्र होइन अदालत पनि भ्रष्टाचारको दलदलमा फसेको देखिन्छ ।

अहिले ठूला भ्रष्टहरूलाई अख्तियारले कारबाही गर्दैन । एउटा हिम्मतिलो अख्तियार प्रमुख भए जागिर पनि दाउमा राखेर ठूला भ्रष्टहरूलाई धमाधम कारबाही गरिदिएको भए शायद यस्ता बेथिति केही कम हुने थिए । तर स्वयं अख्तियार प्रमुख पनि शिर्फ जागिर जोगाउनमा तल्लीन भएका देखिए । सरकारमा बसेका दलका नेताहरू नै ठूला भ्रष्टाचार काण्डमा मुछिएका छन् । त्यही भएर अदालतले पनि बार्गेनिङ गरेर फाइदा लिइरहेको छ । प्रमुख रुपमा शेरबहादुरलाई परमादेशबाट प्रधानमन्त्रीमा सिधै नियुक्त गर्ने हिम्मत सर्वोच्चले त्यसै गर्न सकेको छैन । यहाँ पैसा, पद, कोटाको बार्गेनिङ र शायद विदेशी चलखेल भएको पनि देखिन्छ । जसरी हुन्छ एमालेको सरकारलाई हटाउनु र कम्युनिष्टलाई पूरा मात्रमा फुटाउनु थियो । यसमा खासगरी पश्चिमा र दक्षिणी छिमेकी देशको प्रभाव हुनसक्छ । हाम्रो देशको शासन, सरकार सबै विदेशीको नियन्त्रण र दबाबमा अघि बढिरहेको भान हुँदैछ ।

यही बेलामा प्रधानमन्त्री शेरबहादुरले नेपालका सबै राजदुत फिर्ता बोलाएका छन् । अब आफ्ना कोटरीका चाकडीबाजलाई विदेश शैर गर्न राजदुत बनाएर पठाउने छन् । उनलाई कुनै क्षमतावान कुटनीतिको ज्ञान भएका इमानदार मानिसलाई राजदुत बनाएर पठाउनु छैन । शिर्फ आफ्नो महाधिवेशन र आगामी निर्वाचनलाई मध्यनजर गरेर कसलाई खुसी पार्नुछ, त्यसैको आधारमा राजदुत लगायतका नियुक्ति गर्नुछ । एमसीसी पास गर्न चलखेल गर्दैछन् । यसको परिणाम देशभित्र आन्तरिक समस्या बढ्ने प्रष्ट हुँदैछ । विदेशीको हितमा जस्तोसुकै निर्णय गर्न खोज्ने अहिलेका नेताबाट जनताले राम्रो कामको आसा गर्न छोडिसके । अहिलेको मिलिजुली सरकारलाई यो छोटो अवधिमा राम्रो काम गरेर जनताको मन जित्नुभन्दा आफ्ना आसेपासेलाई गतिला आम्दानी हुने ठाउँमा आसिन गराएर पैसा कमाउने अवसर दिनुछ । जसले गर्दा आगामी निर्वाचनमा दिल खोलेर पैसा खर्च गर्न सकुन । अब शेरबहादुर र चोलेन्द्र शमशेरको राजीनामाबाट मात्र देशको समस्या समाधान हुनेछैन । संविधानमा आमुल संसोधन गरेर यो व्यबस्था नै हटाएर नयाँ राष्ट्रभक्त युवाहरू र नयाँ दल आउन सकेमात्र देशमा केही सकारात्मक परिवर्तन आउन सक्ला नत्र जनतामा आएको निरासा, आक्रोस झनै बढनेछ । यसको अवश्य पनि दुरगामी प्रभाव पर्न सक्छ ।

# राजनीतिक दलका आआफ्नै डम्फू



**गोविन्द विक**

अहिले राजनीतिक दलहरूको महाधिवेसनको लहर चलेको हुनाले नेताहरू देश दौडाहमा कुदिराखेका छन् । राजनीतिक दलका उच्च नेतृत्व नै विभिन्न जिल्लामा गएर एक अर्का पार्टीको विरुद्धमा खोइरो खन्ने काम तीब्र छ ।

विशेष गरी नेकपा एमाले र नेकपा माओवादी केन्द्रबीच एकअर्कालाई निम्छरा शब्दले गाली गर्ने तीब्र प्रतिस्प्रधा चलिरहेको छ । राजनीतिक दलका उच्च नेतृत्वलाई स्वागत गर्नका लागि विद्यालयको प्राङगणमा दलका कार्यक्रमहरू राख्ने प्रवृत्ति तीब्र रुपमा मौलाउँदै गएको छ । विद्यालय बन्द गरेर नेताका झूटा आश्वासन र हावादारी सपना सुन्नका लागि लामलाग्ने जनताको जमात ठूलै छ । जनताका सामु नेताहरूले कुनै ठोस योजना कार्यक्रम भिजन जनमुखी नीति सुनाउन भन्दा पनि एकअर्काका कमी कमजोरी औल्याउदै एकअर्कालाई निषेध गर्ने भन्दा कुनै कुरा नै गर्दैनन । कसैलाई गाली नगरी आआफ्ना कार्यक्रम र योजना लिएर स्वस्थ्य प्रतिस्प्रधामा लाग्नु लोकतन्त्रको सुन्दर पक्ष हो ।

स्वतन्त्र रुपमा आफ्ना जनमुखी कार्ययोजना लागू गरी जनताको मन जितेर मत प्राप्त गर्ने राजनीतिक दल छैनन् यहाँ । हावादारी सपना देखाएर उखान टुक्का भनेर जनता हँसाउनेहरूको खोपडीमा भएको भए आज जनता समस्या नै समस्याको चङगुलमा रुमालिने आवस्था आउने नै थिएन । आज एक लिटर खाने तेलको मूल्य २५० रुपैयाँ छ एक केजी चामलको मूल्य ७५ रुपैयाँ छ एक केजी गोलभेडा १४० रुपैयाँ पर्छ भने दिनमा रु ५०० कमाइ हुने जनताले कसरी जिवीका चलाउला ?

दूरदराजका गाउँहरूमा स्वास्थ्यबाट वञ्चित हुने जनतको संख्या निकै ठूलो छ । नेता तथा राजनीतिक दलहरूलाई यो कुराको पत्तो नै छैन । दूरदराजका गाउँहरूमा शिक्षाबाट वञ्चित हुने बालबालिकाहरूको संख्या निकै ठूलो छ ।

**नेताहरू लोकप्रिय हुने आआफ्नै ब्रान्ड रहेका छन् । जनताको दैनिकीमा समृद्धि ल्याएर लोकप्रिय हुने देश विकासको आधार बनाएर लोकप्रिय बन्ने नेताको खोपडीमा भएको भए आज जनता समस्या नै समस्याको चङगुलमा रूमालिने आवस्था आउने नै थिएन ।**

निकै चर्चा परिचर्चा हुने गर्दछ । धेरै पटक प्रधानमन्त्री भएर लोकप्रिय भएका छन् कोही उखान टुक्का सुनाएर लोकप्रिय भएका छन् भने कोही १० औं हजार जनताको रगतमा होली खेलेर लोकप्रिय भएका छन् ।

नेताहरू लोकप्रिय हुने आआफ्नै ब्रान्ड रहेका छन् । जनताको दैनिकीमा समृद्धि ल्याएर लोकप्रिय हुने देश विकासको आधार बनाएर लोकप्रिय बन्ने नेताको अझै पनि यस विषयमा सत्तामा हुने या सत्ताबाहिर हुने कुनै पनि राजनीतिक दललाई पत्तो नै छैन । अरबौं खर्चिएर पार्टीका महाधिवेसन गर्ने दलहरू आफूलाई मत दिने जनता भोकले छटपटिदा पनि बेखबर बनिरहेका छन् ।

जनताको समृद्धि र मुलुक प्रगतिको भिजन बोकेर देश दौडाहामा कुनै पनि राजनीतिक दल निस्केको महसुस जनस्तरमा सायदै छैन । महङगी तीब्र रुपमा उकालो लागिरहेको छ । दिनदिनै स्थानीयस्तर तथा संघ र प्रदेशको पनि चुनाव नजिकिरहेको छ ।

चुनाव नजिकिँदै गर्दा व्यापारीहरूबाट दलहरूले चुनाव खर्च जुटाउँदा त्यसको परिपूर्ति व्यापारीहरूले मूल्य वृद्धिबाट गर्ने हुनाले त्यसको चरम असरमा सर्वसाधारण जनता परिराखेका छन् । यस कुरामा कुनै पनि राजनीतिक दलहरूको ध्यान पुगेकै छैन ।

अनावश्यक जमात भेला गरी हावादारी सपना देखाएर ताली खान पाए हुन्छ नेताहरूलाई । जनताले सम्झिने गरी मैले सरकारमा हुँदा कुन काम गरें ? भन्ने हेक्का यी राजनीतिक दलका उच्च नेतृत्वहरूमा नहुने प्रवृत्ति तीब्र भएको हुनाले नै नेपाली जनताले यो अवस्था भोगिरहनु परेको छ ।

कसैलाई राजा नै चाहिएको छ कसैलाई संघीयता धर्म निरपेक्षता नै भारी लाग्न थालेको छ भने कसैलाई म अब कतिपटक प्रधानमन्त्री हुने भन्ने धाउन्न मात्रै छ । कसैलाई फेरि जनतालाई कसरी झुक्याउन सकिन्छ होला भन्ने दाउ छ भने कसैलाई अरुलाई गाली गर्दैमा फुर्सद छैन । यसरी दलहरूभित्र मौलाउँदै गएका बेथिती, विसंगति र गुटबादले लोकतन्त्रलाई मजबुद बनाउनका लागि कहिलै पनि सहयोग नपुऱ्याउने पक्का नै भएको हुनाले भिजन र स्पष्ट दृष्टि भएको नेतृत्व जनताको तिब्र अपेक्षा हो ।

# मैले देखेको १७९ औं विश्व पर्यटकीय आकर्षण

# मेड्रिडको राजदरबार

सुरेन्द्र ढकाल


दरबारभित्र भित्तामा टाँगिएका बहुमूल्य कलाकृतिहरू


बैठकको दलानमा गरिएको फ्रेस्को ललितकला


दरबारभित्रको पुस्तकालय


दरबारभित्रको मुख्य बैठक


दरबारभित्र प्रदर्शनीमा राखिएको स्पेनी राजाको श्रीपेच


दरबारभित्रको बगैंचा


राजपरिवारको चार फोटोसहितको बैठक कक्ष


मेड्रिड रेल्वे स्टेसनमा सुरेन्द्र सन २०१३ को जुनमा


मेड्रिड राजदरबार अगाडि मित्र कृष्णराज दुलाल

जुन २६ को बिहान १० बजेतिर मेड्रिड पुग्नासाथ पहिले त्यही रेलवे स्टेसनको एक चिया पसलमा हल्का ब्रेकफास्ट गरेपछि नजिकै रहेको किताब पसलमा गई मेड्रिड महानगरको पर्यटकीय नक्सा किन्यौं। पुस्तक पसलेलाई आज दिनभर मेड्रिडमा नहेरी नहुने पर्यटक स्थलको बारेमा सोध्दा उसले स्पेनी राजाको मेड्रिडको राजदरबार, आल्मुदेना क्याथेड्रल र रेतिरो पार्क अवलोकन गर्ने सल्लाह दिई नक्सामा रातो गोलो चिनो लगाइ दियो। करिब चार घण्टाको पैदल हिँडाइमा यी सबै कुरा अवलोकन गर्न सक्ने उसले बताएपछि कृष्ण दुलालजी र म हातमा स्पेन शहरको नक्सा लिई सर्वप्रथम मेड्रिड राजदरबारतर्फ लाग्यौं। मेड्रिड शहर अवलोकन गर्दै करिब ५ किलोमिटर पैदल हिँडेपछि हामी दरबार आइपुग्यौं।

## मेड्रिडको राजदरबार

स्पेनिस भाषामा *Palacio Real de Madrid* -पालाचो रेआल दे माद्रिद भनिने यो दरबार शहरकै केन्द्र विन्दुमा रहेको र राजकीय औपचारिक समारोहहरूका लागि मात्रै प्रयोगमा ल्याउने गरिएको रहेछ। १ लाख ३५ हजार वर्गमिटरमा फैलिएको यो दरबारमा ३४१८ वटा कक्षहरू रहेछन्। यसैकारण यस दरबार युरोपकै सबैभन्दा बढी क्षेत्रफल ओगटेको दरबारमा गनिँदो रहेछ। राजा फिलिप छैठौं र उनको राजपरिवारले मेड्रिड शहरभन्दा बाहिर अवस्थित साधारण खालको जार्चुएला दरबारलाई आफ्नो निवास बनाएपश्चात् यो दरबारका केही कक्षहरू स्वदेशी र विदेशी पर्यटकको लागि खुला गरिएको रहेछ।

स्पेन सरकारको प्रशासन अन्तर्गत राखिएको यो दरबारमा हामी पुग्दा कुनै प्रवेश शुल्क लिइएन। मेड्रिड शहरको पश्चिमतर्फ तथा मान्जानारेस नदीको पूर्व बाइलेन स्ट्रिटमा रहेको यो दरबार नवौं शताब्दिमा कोर्दोवाको मुहम्मद प्रथमले बनाएको मागेरिट नगर क्षेत्रभित्र नै रहेछ। सम्राट आलफोन्सो एघारौंले यसलाई सन १३२९ मा राजकीय निवासको रुपमा बनाए तापनि सन १५६१ मा स्पेनका राजा फिलिप दोस्रोको पालादेखि मात्रै यो औपचारिक रुपमा राजदरबार बन्न पुगेको रहेछ। सन १७३४ मा भएको भिषण आगलागिको कारण यो दरबार ध्वस्त भएपछि सोही दरबारकै दुरुस्त हुने गरी राजा फिलिप पाँचौंले यस दरबारको पुनर्निर्माण गराउन लगाएका रहेछन्। सन १७३८ मा शुरु भएको पुनर्निर्माण कार्य ७ वर्ष लगाएर सम्पन्न भएको रहेछ। जोभान्नी वातिस्ता साक्केत्तीले भेन्तुरा रोद्रीगुजको सहयोगमा बनेको डिजाइन अनुरुप बनाइएको यो दरबार सन १७६४ मा आएर मात्रै राजा कार्लोस तृतीयले प्रयोग गर्न शुरु गरेका रहेछन्। यो दरबारमा बस्ने अन्तिम स्पेनी राजा आलफोन्सो तेह्रौं रहेछन्। दोस्रो स्पेनिस गणतन्त्रका राष्ट्रप्रमुखले समेत प्रयोग गरेको कारण राजाकै कार्यकक्ष सँगैको अर्को कक्ष राष्ट्रपति मानुयल अजानाको कार्यकक्ष भनेर जस्ताको तस्तै राखिएको रहेछ। दरबारको भित्री भाग सजावट कलाकृतिले धनधान्य पारिएको रहेछ। जस्मा कार्भाज्जो, युआनको दे फ्लान्देस, फ्रान्चिस्को दे गोयाका कलाकृति तथा जोभान्नी वातिस्ताका फ्रेस्को कला पर्दा रहेछन्। दरबारभित्र संग्रह गरिएका वस्तुहरूमा स्पेनी राजाको शाही चिन्ह **(Armoury)** बहुमूल्य चिनिया माटो **(Porcelan)** का भाडाहरू, घडी, फर्निचर, चाँदीका भाडाहरू र महिलाहरूको पहिरनको फेसन **(stradivarius)** आदि रहेछन्। दरवारको पूर्वी मोहोडा सँगैको चारकुने पार्क रहेछ जस्लाई प्लाजा दे ओरियन्ते भनिदो रहेछ। यो पार्क The Central Gardens, the Cabo Noval Gardens and the Lepanto Gardens गरी तिन भागमा विभाजित रहेछ, पहिलो भागमा विभिन्न बेलाका शासकहरूको स्मारक र मूर्तिहरू रहेछन्। जस्मा भिसिगोथ शासक र क्रिश्चियन अधिराज्यका १५ जना शासकहरू मूर्तिहरू पर्दा रहेछन्। यी सबै चुन ढुंगामा कुँदिएका रहेछन्। बगैंचाको केन्द्रबिन्दुमा स्पेनी राजा फिलिप चौथौंको पियत्रो ताक्का नाम गरेको घोडचढी सालिक रहेछ। यसै बगैंचाभित्र मुसलमान शैलीको पानीको फोहोरा सहितको **Moro Gardens**, र फ्रेन्च शैलीका विभिन्न वनस्पती र पानीको फोहोरासहितको **Sebatini Gardens** जस्ता बगैंचा रहेछन्। दरबारको तल्लो तलामा एक शाही पुस्तकालय पनि रहेछ जहाँ स्पेनी राजा चार्ल्स तेस्रो, इसावेल दोस्रो र आलफोन्सो बाह्रौंको पालादेखिको महत्वपूर्ण पुस्तकहरू संग्रहित भएका रहेछन्। पुस्तकहरूका जिल्दहरू सुनको लेप लगाएको र धातुका फित्ताहरूले कलात्मक किसिमबाट बाँधिएका रहेछन्। पुस्तकालयमा महत्वपूर्ण मानपदवी तथा तक्माहरू संग्रह गरी राखिएको रहेछ। दरबारको अभिलेखालयमा शाहीकालदेखि गणतन्त्रसम्मका विभिन्न बेलामा भएका २० हजार जति घोषणाहरू संग्रहित रहेछन्। राजा फिलिप दोस्रोको पालामा दरबारभित्र शुरु गरेको औषधालय हामीले अवलोकन गर्दाको बेलासम्म चालुरहेको थाहा पाइयो। त्यहाँ कलात्मक घैंटोमा विभिन्न रोगका औषधीहरू राखिएका रहेछन्। दरबारको अर्को आकर्षण भनेको राजा चार्ल्स तेस्रो बस्ने तला (एपार्टमेन्ट) रहेछ। त्यो तला वास्तुविद सावातिनीले डिजाइन गरेको तथा जोभान्नी वात्तिस्ताका फ्रेस्को चित्रहरू सजिएका रहेछन्। त्यस तलाको दलिन भने जाक्विन्तोको फ्रेस्को चित्रहरूबाट सजिएको रहेछ। त्यहाँ चार्ल्स पाचौंको १८७८ मा बनेको *Vanquishing Fury* नामक ढलोटको मूर्ति रहेछ। त्यहाँ रहेको राजगद्दी सन १७७२ तिरको रहेछ। चार्ल्स तेस्रोको शयनकक्ष पुग्नुभन्दा अगाडिको कक्ष **(Anteroom)** को दलिन पनि सन १७७४ तिरको फ्रेस्को कलाले सजिएको रहेछ। त्यहाँ भित्तामा चारवटा राजपरिवारको तस्विरहरू झुण्डाइएको रहेछ। राजा आल्फोन्सोको आमा अष्ट्रियाकी महारानी मारिया क्रिस्टिना शयन कक्षलाई रुपान्तरण गरी त्यहाँ स्पेनी राजाको राजगद्दी, श्रीपेच र राजदण्ड सजाइएको रहेछ। करिब एक घण्टा जति यी सबै कुरा अवलोकन गरी हामी आल्मुदेना क्याथेड्रल अवलोकन गर्ने क्रममा दरबार परिसरबाट बाहिर निस्कियौं।

कथा

# धूवाँ

मातृका पोखरेल

'फ्रष्टेड बौलाहा' चोकको पूर्वपट्टि आएर उभियो । निर्माण पूरा हुन नपाउँदै अलपत्र परेको विवादित स्तम्भतिर फर्केर ऊ फेरि एकपटक जोडले हाँस्यो ।

'यहाँ सहिद स्तम्भ बन्नुपर्छ, कुनै भ्रष्टहरूको सालिक यहाँ बनाउन पाइँदैन ।' उसले सबैलाई सुनाउन ठूलो स्वरमा करायो ।

यो चोक बजारमा त्यो बौलाहा जहाँ पनि जतिबेला पनि उपस्थिति हुन्छ । समय-समयमा वस्तीतिर पनि गइरहन्छ । ऊ अरु बौलाहाजस्तो बौलाहा भने होइन । मानिसहरूसँग सभ्य र शिष्ट व्यवहार गर्छ । दुःख र अन्यायमा परेका मानिसहरूलाई सल्लाहमात्र होइन, प्रतिबद्ध भएर सहयोग पनि गर्छ । ऊ यो भेकमा 'फ्रष्टेड बोलाहा'का रुपमा प्रख्यात छ । तर उसको वास्तविक नाम शशीराज थापा हो । एउटा बोरा ओडेर हिंड्छ ऊ । एउटा लौरो पनि बोक्छ ।

कसैको घरमा गएर ऊ त्यसै खाँदैन । त्यहाँका केही काम गरिदिन्छ । उसले जीवनको लामो खण्ड राजनीतिमा वितायो । त्यसबेला पनि ऊ इमान्दार व्यक्तिको रुपमा परिचित भयो । उसले आफ्ना क्रियाकलापहरूमा परिवर्तन गर्दै जान थाल्यो । त्यसपछि ऊ शशीराज थापाबाट 'फ्रष्टेड बौलाहा' बन्यो । अविवाहित थियो र अहिलेसम्म पनि अविवाहित नै छ । यो बजार वरिपरि मात्र होइन, टाढा-टाढाका गाउँ-वस्तीहरूमा समेत ऊ परिचित छ ।

हिजोआज यो बौलाहा स्थानीय पाटी नेताहरूको आँखामा कसिंगर बनिरहेको थियो । तर ऊ नयाँ पुस्ताका युवाहरूको मन जित्न पनि उत्तिकै सफल भएको थियो । ऊ सत्ता नजिकका मानिसहरूको कसिंगर बन्नेक्रम निकै लामो छ । निरंकुश पंचायतकै समयमा प्रधानपञ्चमा चुनाव उठ्ने निहुँ गरेर उसले पंचायती व्यवस्थाको खिल्ली उडायो । पंचायती सरकारको आँखामा ऊ खतरनाक शत्रु बनेको थियो त्यसबेला । संसदीय राजनीतिको बाह्र वर्षमा पनि ऊ एमाले, कांग्रेस र राप्रपाजस्ता पाटीहरूको आँखामा बिझाइरह्यो ।

शाही शासनकालको समय उसका लागि धेरै कष्टपूर्ण रह्यो । जनस्तरबाट ठूलो आवाज नउठेको हो भने माओवादीको आरोपमा ऊ मारिने अवस्थामा पुगेको थियो । तर ऊ बौलाहा भनिएर मात्र बाँच्न सफल भयो ।

बजारको बीचमा एउटा सानो चोक छ । चोकको बीचमा वरिपरि पर्खाल लगाएर घेरिएको एउटा सानो पार्क पनि छ । तर त्यो पार्क केही महिनादेखि अलपत्र र लथालिङ्ग अवस्थामा छ । निर्माण गर्दागर्दै स्थानीय युवा विद्यार्थीहरूले पार्कको बीचमा पंचायतकालमा मारिएका एकजना सहिदको सालिक राख्ने प्रस्ताव राखे । त्यो प्रस्तावका कारण त्यहाँ निकै ठूलो राजनीतिक हल्लीखल्ली मच्चियो । विद्यार्थीहरूको प्रस्तावमा फ्रष्टेड बौलाहाले समर्थन मात्र जनाएन, अरुको सहयोग जुटाउने अभियान नै पनि थाल्यो ।

अचेल यो महत्वपूर्ण विवादलाई लिएर फ्रष्टेड बौलाहाले नयाँ पुस्ताको चेतना र चिन्तनलाई बोकेर नेतृत्व नै लिएको छ ।

'सहिदको नाममा यहाँ कम्युनिष्टको सालिक राख्न दिनुहुन्न । बरु सालिक राख्ने नै हो भने हाम्रा पार्टीका नेताको राख्नुपर्छ ।' पंचायतकालका यही गाउँ पंचायतका प्रधानपञ्च र बहुदलकालका गा।वि।स। अध्यक्ष भइसकेको जनता पाटीका नेता रंगध्वजले युवा विद्यार्थीहरूको प्रस्तावको बिरुद्धमा एउटा मोर्चा नै खडा गऱ्यो ।

युवा विद्यार्थीहरूको प्रस्तावमा दिनहुँ जनसमर्थन बढ्दै गयो ।

'एउटा सभा गरेर हामीले जनसमर्थन बटुल्नुपर्छ ।' एक दिनको कोठे भेलामा रंगध्वजले आफ्ना सहयोगीहरूसँग यस्तो प्रस्ताव राख्यो ।

रंगध्वज र उसका सहयोगीहरूले सभा गर्ने दिन त तोके, तर युवा र विद्यार्थीहरूको पक्षमा दिन दुईगुना रात चौगुनाको दरले समर्थन बढिरहेको थियो । पार्कभित्र राख्ने सालिकका बारेमा विवाद बढ्दै गएपछि अलिकति आकार लिन थालेको पार्क पनि क्रमशः भत्कँदै र विद्रुप बन्दै गइरहेको थियो ।

'हाम्रो पाटीको आदरणीय नेताको सालिक नराख्ने हो भने यहाँ हामी कसैको पनि सालिक राख्न दिँदैनौं ।' रंगध्वजले सभामा चुनौति र धम्कीका शब्दहरू वर्षाए । सभामा मानिसहरूको उपस्थिति अत्यन्तै कम थियो । उसले सभाको यो हालतको कल्पनासम्म पनि गरेको थिएन । सभामा रंगध्वजले औंला सोझ्याएर मान्छेहरूको गिन्ती गऱ्यो । एक दुई, चौध' पन्ध्र । फेरि गऱ्यो । उही पन्ध्रजना ।

'पन्ध्र जनाको सभा त साह्रै लाजलाग्दो भयो ।' एकजना सहयोगीले रंगध्वजकै अघिल्तिर निरास सुस्केरा छाड्यो ।

यो कुरालाई रंगध्वजले नसुनेझैं गरेर एकपटक आफ्नो अतीततिर फर्कियो । ऊसँग त्यस्ता दिनहरू पनि थिए, जुन दिन यी सभामा जम्मा भएका मानिसहरू सदादिन उसकै अघिपछि भइरहन्थे । सभामा मानिसहरूको उपस्थिति देखेर ऊ ज्वालामुखी फुट्न लागेको पहाडझैं क्रोधित भइरहेको थियो ।

रंगध्वजको सभा कोणसभाझैं क्षणभरमैं सकियो । सभालाई अन्त गरेर उसले पाइला मात्र के अघि बढाएको थियो, बजारको तल्लो चोकतिरबाट एउटा ठूलो जुलुस आफैं भएतिर आउँदै गरेको आवाज सुन्यो । उसले जुलुसका मान्छेहरूको आवाजलाई ठम्याउने कोशिस गऱ्यो । आवाजले बुझिन्थ्यो- जुलुस निकै ठूलो थियो ।

'ओहो जुलुस त ठूलो रहेछ' उसकै सहयोगी रघुवीरले ठूलो स्वरले प्रतिक्रिया दियो । रंगध्वजलाई रघुवीरसँग भित्रभित्रै रिस उठ्यो । जुलुस आएको बाटोबाट अलिकति पछि फर्किएर रंगध्वज एउटा गल्लीतिर पस्यो । केही सहयोगीहरूलाई लिएर रंगध्वज भाग्दै पूर्वतिरको मूलबाटो निस्कियो । मुलबाटोमा निस्किएपछि उसलाई झन् डर लाग्यो । ऊ फेरि अर्को गल्लीतिर पर वेग बढिरहेको श्वासलाई रोकेर ऊ एकपटक पछिल्तिर फर्कियो । जुलुसबाट चर्को नारा गुन्जिरहेको थियो । नारामा आफ्नो नाम मिसिएको पनि सुन्यो उसले । उनी आफ्ना भयग्रस्त जीवनका अतीततिर फर्कियो । पंचायत ढलेर बहुदल आउँदा पनि उसको जीवन कम त्रासपूर्ण थिएन । तर विस्तारै उनले एउटा पाटी समातेर गाविस अध्यक्षसम्म भयो । उनको आँखामा यस ठाउँमा शासन गरेका आफ्ना स्वर्गीय दिनहरू नाच्न थाले । 'तर समय अब मेरो मुट्ठीबाट टाढा पुगिसक्यो' उसले फेरि वर्तमानतिर फर्केर सोच्यो ।

'सहिदहरूलाई बिर्सेर यहाँ भ्रष्टहरूको सालिक राखिन्छ भने अब यस ठाउँमा मानिसहरू नबसेर मुर्दामात्र बसे हुन्छ ।' माइकबाट ठूलो स्वरले फ्रस्टेड बौलाहा कराइरहेको थियो ।

'केटाहरू अब हामीले ठण्डा भएर सोच्नुपर्छ ।' रंगध्वजको अनुहार पानी पर्नुभन्दा अघिको वातावरण शान्त भएझैं देखियो ।

'यो सबै भाँड्ने काम त्यही बौलाहाको हो । त्यसले यो सबै गाउँ टोललाई नै उचालेको छ ।' हुल्लड-बाजको रुपमा कुख्याती कमाएको उसको सहयोगी नरेन्द्रले परिस्थितिको विश्लेषण गर्न खोज्यो ।

'अब यहाँ त्यो एउटा बौलाहा मात्र छैन । सयौं बौलाहाहरू जन्मिसकेका छन् । ती सबै बौलाहाहरू सदाचार, नैतिकता र जीवन मूल्यको कुरा गर्छन् ।' रंगध्वजले परिस्थितिको गम्भीर आंकलन गऱ्यो ।

'अब हामीले नयाँ ढंगले चल्न सक्नुपर्छ ।' अर्को सहयोगीले रंगध्वजलाई आफ्नो रणनीति परिवर्तन गर्ने सल्लाह दियो । उसले रंगध्वजको कानमा सुटुक्क केही कुरा फुस्फुसायो । एकछिन अघिल्तिर अँध्यारो पोतिएको रंगध्वजको अनुहारमा फेरि उज्यालोको किरण पोखियो । रंगध्वज टाउको हल्लाउँदै विस्तारै उठ्यो । र सहयोगीहरूलाई लिएर फेरि गल्लीको अर्को दिशातिर अलप भयो ।

'आज राति फ्रस्टेड बौलाहा मरेछ' रेडियोले प्रसारण गरेको समाचारझैं यो खबर छिनभरमैं चारैतिर फैलियो । विहानै नुहाउन नदी किनारतिर जाने कोही मान्छेले उसको मृत्युको खबर एकांकानु मैदान हुँदै सारा बजार र वस्तीभरि फैलियो ।

विहान उज्यालो हुनेबित्तिकै फ्रस्टेड बौलाहाको मृत्यु बजारवासीहरूका लागि असामान्य समाचार बन्यो । धेरैले 'होइन होला' भनेर शंका व्यक्त गरे । बजारका प्रायः सबै मानिसहरूको अनुहारमा चिन्ताका धर्साहरू देखिए । रंगध्वज र उसका केही सहयोगीहरू भने केही हतास भएजस्ता देखिन्थे । बौलाहाको मृत्युको जनचासोले झन् उनीहरूको हतासपन बढ्दै गयो । यी दुवै प्रतिक्रियाहरू त्यहाँ प्रष्टै देखिन्थे र बुझिन्थे ।

फ्रस्टेड बौलाहाले आफूलाई फ्रष्टेड राजनीतिक कार्यकर्ता भनेर परिचय दिन्थ्यो । त्यसैले उसको नाम नै फ्रष्टेड बौलाहा भनेर परिचित बन्यो ।

'मलाई फ्रस्टेड बौलाहा भने केही फरक पर्दैन' सबैसँग ऊ हाँसेरै यसो भन्थ्यो ।

सबैले बौलाहा भनिदिएर मात्र ऊ बौलाहा भयो । ऊ एक्लो थियो । राजनीति गऱ्यो, अविवाहित बस्यो । छयालीस सालको आन्दोलनपछि उसले आफ्नो बाटो भत्कियो भन्न थाल्यो । आफ्ना साथीहरूको सत्तामोहपछि उसले पाटी छाडिदियो । केही समयपछि आफ्नो सम्पत्ति आफ्नै परिश्रमले खोलेको गाउँको विद्यालयलाई दियो र त्यही विद्यालयमा निःशुल्क पढाउन थाल्यो । त्यसपछि सबैले उसलाई बौलाहा भनिदिए । उसले मानिसहरूको भनाइलाई अस्वीकार गर्दै हिंडेन । वास्तवमा ऊ बौलाहा थियो कि थिएन, उसको मृत्युपश्चात्सम्म पनि रहस्यकै विषय बन्यो । उसको तर्क गर्ने शैली बडो अचम्मको थियो ।

सत्य र न्यायको पक्षमा डटेर लाग्थ्यो । अन्यायी र शोषकहरूको ऊ हुर्मत लिन्थ्यो । बजारका जाली-फटाहाहरू ऊसँग त्राहीमाम हुन्थे । उनीहरू ऊसँग छलिएर हिंड्थे र अघि पर्ने साहसै गर्दैनथे ।

विहान सबेरै बजार र टोलका मानिसहरू बौलाहाको लास हेर्न सुनकोशी बगरतिर दौडिए ।

'यो मृत्यु स्वभाविक होइन' उसको लासलाई हेर्नेबित्तिकै एकजनाले अर्कोको कानमा फुसफुसायो ।

'स्वभाविक नभएको भनेको के ?' अर्कोले सोध्यो ।

'हत्या' अर्कोले थप्यो ।

'पक्कै हो' त्यो मान्छे कन्भिन्स भयो ।

'घाँटीमा डोरीले कसिएको निलडाम छ ।' भीड अघिल्तिरबाट एउटा आवाज आयो ।

त्यसपछि भीडमा फेरि मानिसको ठेलमठेल शुरु भयो ।

'हत्या नै हो' सबैको यही ठहर भयो ।

'कसले, किन माऱ्यो ?' भीडमा कसैले अर्को प्रश्न उठायो ।

'यो पनि बुझ्न अप्ठ्यारो छ र' एकजना विद्यार्थीको आक्रोश सुनियो ।

'यहाँ ठूलो षडयन्त्र छ' अर्को विद्यार्थीको स्वर चर्को भयो ।

'यी बौलाहा हाम्रो समाजका मणि हुन् । सम्मानका साथ यिनको अन्त्येष्टि गर्नुपर्छ ।' शिक्षक रामानन्दले विद्यार्थीहरूतिर फर्केर समर्थनको आग्रह गरे ।

'पहिले पोष्टमार्टम गर्नुपर्छ ।' फेरि अर्को मत सुनियो ।

मानिसहरूको एउटा ठूलो समूह लास लिएर अस्पतालतिर गयो । अस्पताल वरिपरि मानिसहरूको ठूलो भीड लाग्यो । पोष्टमार्टममा षडयन्त्र हुनसक्ने त्रासले मानिसहरू खबरदारी गरिरहेका थिए ।

अस्पतालमा भीड बढ्दै गएपछि केही मान्छेहरू बजार चोकको चियापसलमा झुम्मिए ।

'त्यो मान्छे बौलाहा थिएन ।' शिक्षक दिनानाथले चिन्तित मुद्रामा आफ्नो भनाइ राखे ।

'बौलाहा थिएन भने उसको जीवन किन अस्वाभाविक थियो ?' चियापसले एकाएक जिज्ञासु भयो ।

'उसले आफ्नो आस्था र विचारलाई क्रियान्वयन गर्न सजिलो बनाउन त्यसो गरेको हुनसक्छ ।' शिक्षक दिनानाथ फेरि गम्भीर देखिए ।

'मलाई पनि यस्तै लागेको हो ।' अघिसम्म शंका व्यक्त गर्ने पसले पनि आफ्नो विचारलाई परिवर्तन गर्दै थियो ।

'बौलाएजस्तो नगरेको भए के हुन्थ्यो ?' अर्का कर्मचारी फेरि जिज्ञासु देखिए ।

'बौलाहाजस्तो अभिनय नगरेको भए उनी यति लामो समयसम्म बाँच्न पाउँदैनथे । माओवादीको आरोपमा उनलाई गिरफ्तार गर्दा उनलाई त्यतिबेला हत्या गर्न लागेको चर्चा चलेको थियो । बौलाहा भनिएर मात्र उनी त्यतिबेला बाँच्न सफल भए ।' दिनानाथले स्पष्टीकरण दिए ।

'आखिर बौलाएर पनि त बाँच्न पाएन नि' कर्मचारीले नि आफ्नो जिज्ञासालाई खोतल्दै गयो ।

'ऊ केका लागि बौलायो ?' अर्को जिज्ञासा भीडमा फेरि कतैबाट आयो ।

'सत्य र न्यायको कार्यान्वयन गर्न' अर्को जवाफ भीडबाटै आयो ।

'ऊ सत्य र न्यायको बिरुद्धमा कतै लाग्यो त ?' चिया पसल्नी रुँलाजस्तो गरी ।

'बौलाहा मरेकोमा यसलाई ठूलो चिन्ता परेजस्तो छ ।' चियापसलेले आफ्नी स्वास्नीतिर फर्केर खिसिट्यूरी गऱ्यो ।

'त्यो बौलाहा नभएको भए तिमी मलाई यसरी बस्न दिन्थ्यौं र ? सम्झ त पुराना कुराहरू' स्वास्नीले उसलाई वाल्ल पारी ।

'त्यो बौलाहाले तँलाई के न्याय गऱ्यो ?' पसलेले अँध्यारो मुख पार्दै प्रतिवाद गर्न खोज्यो ।

'दाइजो नल्याएको निहुँमा तिमीले मलाई घरबाट निकाल्न खोजेको कुरो बिर्स्यो ?' पसलेलाई स्वास्नीले अतीतको घाउ देखाई ।

'त्यसो भए त्यो बौलाहा तेरो भाग्य विधाता थियो होइन त ?' पसले निधार खुम्च्याएर फेरि हाँस्यो ।

'मलाई मात्र होइन, धेरै मानिसहरूलाई त्यसले न्याय दिलायो ।' पसलेकी स्वास्नी फेरि संवेदित देखिई ।

'मलाई न्याय चाहियो । म बौलाहा खोज्दै हिँडेकी' एउटी वृद्ध महिला चोकमा आएर सबैको मुखतिर हेर्दै चिच्याइन् । सबैले एकपटक मुखामुख गरे ।

अस्पतालबाट शवयात्रा गर्दै विशाल जुलुस यही चोकतिर आयो । सबैका आँखा जुलुसतिर टाँसिएका थिए । घरमा आगो लागे छ । आगोको मुस्लो र धुँवाले आकासै छुन लाग्यो' पसल्नीले सबैको ध्यान अर्कोतिर आकर्षित गरी ।

'रंगध्वजको घरमा जुलुसले आगो लगाएजस्तो छ ।' शिक्षक दिनानाथले परिस्थितिको अनुमान लगाए ।

'त्यसको घरमा त आगो झोस्नै पर्थ्यो ।' पसल्नीको प्रतिक्रिया झरिहाल्यो ।

जुलुस त्यही चोकमा आएर रोकियो ।

'यस ठाउँमा यतिका मान्छे मैले अहिलेसम्मै देखेकी थिइन् ।' पसलेले अचम्म मानेर मानिसहरूको भीडतिर आँखा दौडायो ।

'अब यस ठाउँमा फ्रस्टेड बौलाहा र शहीदको शालिक स्थापना गरिने छ ।' चोकमा बनाइएको मंचमा चढेर उद्घोषक बोलिरहेको थियो ।

'शवयात्रा अब फेरि शुरु हुन्छ ।' मंचबाट कसैले अर्को जानकारी गरायो ।

रंगध्वजको घर सल्किएर धुँवाको लप्का आकाशमा थेग्ला-थेग्लामा विभाजित भएर विलाइरहेको थियो ।

'घर बलेको धुँवा त अरु धुँवाभन्दा बेग्लै हुँदो रहेछ ।' मलामीहरू आकाशतिर फर्केर प्रतिक्रिया जनाइरहेका थिए ।

नियात्रा

# स्मृतिको क्यानभास–२

✍ रामप्रसाद पन्त

हामीले ज्वाइँको नाता जोडेका थियौं हिजो बेलुका सञ्जयसँग । नेपाली मूलका तर शिलगुडीमा जन्मेका सञ्जय नेपाली चेलीसँग विवाह बन्धनमा बाँधिएका रहेछन् । त्यसैले नेपाली चेली विवाह गर्ने सञ्जय नेपालीकै ज्वाइँ भए । यस्तै रोटी बेटीको सम्बन्धमा आबद्ध छ नेपाल-भारतको नाता, तथापि सानातिना कुराहरूले सम्बन्धमा तिक्तता आउने गर्छ कहिले काहीँ ।

रोटी बेटीको नाता सानोठूलो हुँदैन, हुनुहुँदैन । तर समान अस्तित्व हुँदाहुँदै पनि यदाकदा शक्तिको आडमा हुनेले नहुनेलाई हेप्ने प्रवृत्ति प्रचलित परम्परा नै बन्दो रहेछ । साना राष्ट्रहरूले शक्ति प्रदर्शन गर्न खोजे भने त्यो संयुक्त राष्ट्रसंघीय नियम विपरीत हुन्छ । तर ठूला राष्ट्रहरूले साना राष्ट्रहरूमाथि आणविक वा आतङ्ककारी गतिविधिहरू नियन्त्रण गर्ने निहुँमा बमै खसाले पनि त्यो नियमसङ्गत नै ठहरिन्छ । सायद यो प्राचीन कालदेखि नै राजनीतिक वा सामाजिक वृत्तमा देखिएको निरन्तरता हो ।

तर यस बेला सञ्जयसँग हामीले सौहार्दपूर्ण नाता जोडेका थियौं । जोड्नुमा हामीभित्र अलिकति स्वार्थ लुकेकै थियो । हामीले उनलाई नजिकको सम्बन्ध देखाएर गाडीको भाडा अलिकति कम गर्ने प्रयासमा थियौं । कुरा हिजै तय भएको थियो । खुसी टुर्स एण्ड ट्राभल्स अन्तर्गत दर्ता भएका उनका आधा दर्जन गाडीहरूमध्ये एउटा गाडीले हामीलाई देहरादून पुऱ्याउने भएको थियो । बुद्धिमान रहेछन् सञ्जय । उनका दुई छोरी मात्र रहेछन् खुसी र मुस्कान । जेठी छोरीको नाममा ट्राभल एजेन्सी र गाडीहरूको नाम मुस्कान । मैले आफ्नै अर्थ लगाएँ– उनी दुई छोरी भएकोमा खुसी छन् र ओँठमा मुस्कान दिँदै हिँड्छन् ।

हो, हामी त्यही मुस्कान गाडीको पर्खाइमा बसिरहेका थियौं– होटल रोजेजको प्रतीक्षा कक्षमा । बाटोमा खाना नखाए पनि हुने गरी हामीले मनग्य चियानास्ता गरिसकेका थियौं त्यसै होटलमा ।


समयको पालना गरे है सञ्जयले । हामीले धेरै बेर कुर्नु परेन । सञ्जय स्वयम् त आएनन् तर उनको ड्राइभरले गाडी लिएर होटलको गेटमा उपस्थित भयो । चालक अर्थात् रामप्रीत साहनी ।

जापानी इलाइब्रेशन भएको टोएटाइनोभा गाडी एयर कन्डिशनयुक्त रहेछ । हामीले हिजो बेलुका अन्यत्र पनि बुझ्ने प्रयास गरेका थियौं तर पैसाको तुलनामा महँगो लागेको थियो भाडा । सम्झ्यौं, हामीले ठिकै गरेछौं । पछिपछि आउँदा पनि हामीले ज्वाइँलाई नै सम्झने छौं भन्दा प्रभाव परेछ क्यारे सञ्जयलाई र सुविधामा उपलब्ध गराए गाडी ।

ख्यातिको लोभमा कहिले काहीँ व्यापारीहरूले कम फाइदा लिएर, फाइदै नलिएर वा घाटै पारेर भए पनि सम्बन्ध स्थापित गर्छन् । तिनीहरूको चलाखी के हुन्छ भने पछिपछि विभिन्न बाहना बनाएर पनि घाटा परिपूर्ति गरिहाल्छन् । दशौं वर्षदेखि सेवा दिइरहेका सञ्जयले घाटा नै त के खान्थे तर सुविधासाथ गाडी उपलब्ध गराएको चाहिँ हामीले प्रत्यक्ष अनुभव गऱ्यौं ।

हाम्रो यात्रा सुरु भयो २०७२ साल कार्तिक ८ गते दिल्लीको पहारगन्जबाट ।

देहरादून मेरो लागि नौलो थिएन, तर म उत्साहित हुनुमा दुईवटा कारण थिए । पहिलो, दिल्लीदेखि देहरादून पुग्ने करिब ३ सय किलोमिटर बाटोको स्वरुप कस्तो




होला ? र अर्को उत्सुकता थियो– चालीस वर्षअघिको देहरादून अहिले कस्तो भयो होला ?

रामप्रीतले गाडीको स्पिड बढाउँदै सहरी घनत्वबाट निकास दिँदै थिए । हामीले यमुना नदी पार गरिसकेका थियौं । यमुनामाथिको पुलबाट गुड्दै गर्दा मलाई आगरा, मथुरा, वृन्दावनको पूर्वस्मृति ताजा हुँदै थियो । जुन बेला मैले ती सहरहरूको भ्रमण गरेको थिएँ, त्यस बेला मैले जीवनको यो वर्तमान अवस्था कल्पनासम्म पनि गरेको थिइनँ । त्यो चार दशकअघिको कुरा । म विद्यार्थी अवस्थामा थिएँ त्यसबेला र मलाई समय परिस्थितिको चक्रले घुमाएको थियो ती सहरहरू । मैले आफ्नो भविष्य थाहा पाएको भए र मभित्र बुद्धि विकसित भइसकेको भए त्यस बेलाका दृश्यचित्रहरू टिपोट गर्थेंहुँला, जुन टिपोटहरू मेरा लागि अहिले सहायक बन्थे होलान् ! ती स्मृतिविम्बहरू मेरो मानसपटलबाट हराइसकेका छन् । खाली यमुना किनारको दिव्य ताजमहल, मन्दिर र घरहरू बराबर जस्तै भएका वृन्दावन र मथुराका गल्लीगल्लीमा हिंडेको धमिलो संस्मरण बाहेक मसँग अरु केही पनि छैन ।

दिल्लीबाट रेलमार्गद्वारा एक्लै आगरातर्फ प्रस्थान गरेको र एक रात वृन्दावनको कुनै धर्मशालामा बसेर अर्को दिन मथुराको फेरो मार्दै पुनः दिल्ली फर्केको सम्झन्छु । तर कति किलोमिटर यात्रा गरेँ, कताकता घुमेँ, के के हेरेँ, कुनै सम्झना छैन मलाई । रामप्रीतले भनेपछि मात्र थाहा पाएँ– आगरा २ सय किलोमिटर टाढा रहेछ ।

दिल्ली नगरी पनि मैले कता कता घुमेँ अहिले के थाहा ? खाली कुतुव मिनार र राजघाट पुगेको अलिअलि सम्झन्छु । यसबेला म गुड्दै गरेको नोयडा मार्गबाट देखिँदै गरेको लक्ष्मीनगरस्थित अक्षरधाम त्यसबेला कहाँ थियो होला र ? उता पर देखिँदै गरेको हाम्रो महाभारत पर्वतजत्रो पहाड त्यसबेला थियो कि थिएन, के थाहा पाउनु ? यदि पहाडै हो भने त सम्झे पनि नसम्झे पनि थियो वा थिएनको प्रश्न किन उब्जाउने? चालीस वर्षको अन्तरालमा ठूलै प्रलय भएर टेथिस सागरमा हिमाल सृजना हुने अवस्था त आएको छैन नि ! अनि मैले पहाड थियो कि थिएन भन्ने प्रश्न किन गरुँ?

प्रश्न त मैले गरेकै होइन । मैले यतिमात्र सोधेको हुँ – त्यस पहाडमाथि विकास निर्माणको के काम हुँदै छ ? यस प्रश्नको उत्तर दिने क्रममा पो रामप्रीतले मेरो/हाम्रो मनमस्तिष्क तरङ्गित पारिदिए । त्यो पहाड त साँच्चि नै आधा शताब्दी यता निर्माण भएको रहेछ ।

'कसरी निर्माण भयो त्यो विशाल पहाड ?'

जानकारी भयो – फोहोरको थुप्रोबाट ।

उनले त्यतिमात्र भनेन अरु पहाडहरूको कुरा उठाएर जिब्रो टोक्ने बनाइदिए । भने– 'साना ठूला गरेर दिल्ली नगरी वरिपरि यस्ता पहाडहरू दश वटा छन् ।'

एउटै देखेर चकित परिरहेको बेला दश वटा पहाडको कुरा सुनेर साँच्चै नै मेरो मस्तिष्क चक्करायो ।

हाम्रो टुँडिखेलबाट चन्द्रागिरि पहाडको समदूरीमा देखिने त्यस पहाडी पाखोमा अहिले पनि डोजर चलिरहेका थिए । केही होचा आकारका घरहरू निर्माण भइरहेका थिए । तल्लो भेग हरित उद्यानमा परिणत भएको थियो । रामप्रीतले बुझेको कुरा हामीहरूलाई सुनाउँदै थिए– फोहरको पहाडलाई माटोले पुरिँदै छ र त्यहाँ वायोग्यास प्लान्ट र रिसोर्टहरू निर्माण गरिँदै छन् । तलबाट माथि जाने केवुलकारको योजना पनि अगाडि सारिएको छ ।

वाह ! क्या गजबको योजना ! गरे के हुँदो रहेनछ र ?उपयोगमा ल्याउन सके खेरा फाल्ने चिजै के बाँकी रहँदो रहेछ र ? फोहोरबाट मोहरको खेती ! मल र वायो ग्यास !

महापथमा निस्केपछि गाडीले तीव्र वेग लिइरहेको थियो । गाडी सुन्दर थियो, आरामदायी थियो, वातानुकूलित थियो । मैले प्रश्न गरिहालेँ– 'जापानीज कोलाइव्रेशनको टोयोटाइनोभा मार्का नाम दिइएको यस गाडीको मूल्य कति होला ?'

रामप्रितले उत्तर दिए– '१४ लाख ।'

'नेपाल प्रवेश गर्दा यसको मूल्य कति पुग्छ होला ?'

हाम्रै समूहबाट कसैले उत्तर दिए– '४५ देखि ५० लाख ।'

कति फरक ?

'गाडी त नयाँ नै देखिन्छ, कति भयो किनेको ?'

उत्तर आयो– 'निकै भयो । २ लाख ५० हजार गुडिसक्यो ।'

सुनेर अचम्म लाग्यो, कति मेन्टन गर्न सकेको होला !

त्यसै गरिब भएका हौं र हामी ! परनिर्भरतामा बाँच्नेहरूको नियति यस्तै नभएर के हुन्छ ? हामी गेहेन्द्रशम्सेरको पथमा पनि हिंड्न सकेका छैनौं । न केही सोच्छौं, न केही गर्छौं, न सरकारले त्यस्तो वातावरण बनाइदिन्छ, कसैले गरिहाल्यौं वा सोच्यौं भने पनि प्रशंसा सुन्न नसक्नेहरूले खुट्टा तानिहाल्छन् र लडाइदिन्छन् । गेहेन्द्रशमसेरलाई त्यस्तै त भएको हो ।

(क्रमशः)

# गोर्खाल्यान्ड : इतिहास र वास्तविकता



विष्णु भट्टराई

सुवास घिसिङको नेतृत्वमा सन् १९८६ देखि २८ महिना चलेको र १३०० जनाको ज्यान गएको गोर्खाल्याण्ड आन्दोलन दार्जीलिङ गोर्खा पार्वत्य परिषद्को सीमित उपलब्धिमा टुंगिदा शिलगुडी र डुवर्सका मात्र होइन, दार्जिलिङ पहाडका नेपालीभाषी पनि असन्तुष्टि थिए । पहाडी क्षेत्रमा सीमित प्रशासनिक अधिकार भएको पार्वत्य परिषद्को २१ वर्ष प्रमुख हुँदा घिसिङले कहिल्यै गोर्खाल्याण्डको माग पुनः उठाएनन्, बरु भारतका उत्तरपूर्वी राज्यहरू आसाम, मेघालय, त्रिपुरा र मिजोरममा असफल सावित भइसकेको छैठौं अनुसूचि लागू गर्ने कुरामा पश्चिम वंगाल र केन्द्र सरकारसँग सम्झौतासमेत गर्न पुगे । घिसिङको यस किसिमको राजनीतिक चालबाजीलाई अन्ततः जनताले साथ दिएनन् ।

७ अक्टोबर २००७ मा विमल गुरुङको नेतृत्वमा गठन भएको गोर्खा जनमुक्ति मोर्चाले राजनीतिक उचारचढावसँगै जीटीए (गोर्खा क्षेत्रीय प्रशासन) लाई स्वीकार गरेर चुनावमा भाग लियो । शतप्रतिशत सीटमा विजय हासिल पनि गर्‍यो । विमल गुरुङ जीटीएको प्रमुख पदमा आसिन पनि भए । जीटीए हुँदै छुट्टै गोर्खाल्याण्ड राज्यको लागि गोजमूमोले आवाज उठाउँदै आयो पनि । तर गोर्खाल्याण्ड राज्यको लागि दरिलो समर्थनको खाँचो र सहयोगको आवश्यकता थियो । गोर्खाल्याण्ड राज्यको खुलेर समर्थन गर्ने पार्टी, नेताहरू र राज्य सरकारको समर्थनको अभाव खड्किएको थियो । यसको लागि विधिवत र संवैधानिक रुपमा समर्थन गर्ने हिम्मत कसैले गरेका थिएनन् । तर सिक्किमका मुख्यमन्त्री पवन चामलिङले २००७ देखि नै आफ्नो स्पष्ट अडान राख्दै गोर्खाल्याण्ड राज्यको लागि नैतिक र संवैधानिक समर्थन जनाएर विर्सन नै नसकिने कालजयी गुण लगाएका छन् गोर्खाल्याण्ड आन्दोलनलाई । उनले २१ मार्च २००७ को सत्ता गठवन्धन दलहरूको वैठकमा साना राज्यहरूको पक्षमा वकालत गरेर गोर्खाल्याण्ड राज्यप्रति नैतिक समर्थन जनाएका थिए । यसै गरी २० मार्च २०११ मा विधानसभाले विधिवत रुपमा गोर्खाल्याण्ड राज्य हुनुपर्छ भनेर केन्द्र सरकारसँग संवैधानिक माग प्रस्तुत गर्दै विधेयक नै पारित गर्‍यो । जसले गोर्खाल्याण्ड राज्यको लागि ठूलो कानुनी समर्थनको बाटो खुलेको छ । गोर्खाल्याण्ड राज्यको लागि ४ अगष्ट २०१३ मा पनि एसडीएफको विधायक दलले गोर्खाल्याण्ड राज्य हुनुपर्छ भनेर प्रस्ताव पारित गरेको छ । यो गोर्खाल्याण्ड राज्य प्राप्तिको लागि अर्को उपलब्धि हो भनेर किटानीका साथ भन्नै पर्ने हुन्छ ।

पूर्वकालमा सन् १८३५ अघिसम्म दार्जिलिङ बंगालको अधिनस्थ रहेको पाइँदैन । भारत वर्षमा अंग्रेजले आधिपत्य जमाउनु अघि भारत स-साना राज्यमा विभक्त थियो । तथापि, हिन्दू धर्मको कारण भारतलाई एकताको सूत्रमा बाँधेको थियो । पाँच सयभन्दा बढी राज्यभएको भारतवर्षमा सर्वप्रथम पोर्चुगलका नाविक भास्को डिगामाले दक्षिण भारतको बन्दरगाह केलिकेटमा पहिलो पाइला टेकेका थिए । त्यसपछि डचहरू पनि आउन थाले । तेस्रो लहरमा आए अंग्रेजहरू । अंग्रेजले व्यापार गर्ने उद्देश्यकालागि ३१ डिसेम्बर १६०० मा इष्ट इन्डिया कम्पनी स्थापना गरे । अंग्रेजहरू व्यापारसहित बाइबल र बन्दुक लिएर भारतवर्ष प्रवेश गरेका थिए । भारतवर्ष मध्ये सर्वप्रथम बंगाल अंग्रेजहरूको अधीनमा आएको थियो । यसको सूत्रधार भने जर्ब चार्नक थिए । तिनले सर्वप्रथम कलकत्ता सहरको पूर्वाधार तयार पारेका थिए । तिनकै चलाखिपूर्ण कदमबाट सन् १६६९ मा अंग्रेज र मुगल सम्राटबीच सन्धि भएको थियो । त्यही वर्ष अगष्ट महिनामा जर्ब चार्नकले कलकत्ता छेऊ सुतानुतीमा एक उद्योग स्थापना गरेर भारतभित्र चलखेल गर्न अंग्रेजहरूलाई सहज वातावरण बनाएका थिए ।


चरणवद्ध रुपमा सम्पूर्ण भारतवर्षमा अंग्रेजले अधिकार जमाएपछि उनीहरूको आँखा नेपालप्रति केन्द्रित भयो । युद्धकै कारण सन् १८१५ डिसेम्बरमा नेपाल र अंग्रेजबीच सुगौली सन्धि भयो । सो सन्धिअघि दार्जिलिङ लगायतको भूभाग नेपालको थियो । नेपालले उक्त भूभाग सिक्किमबाट जितेर लिएको थियो । सुगौली सन्धि अन्तर्गत सिक्किमबाट जितेर ल्याएको भूभाग नेपालले व्रिटिस इन्डिया कम्पनीलाई सुम्पियो । दुई वर्षजति ती भूभाग व्रिटिस इन्डिया कम्पनी अन्तर्गत रहेता पनि सन् १८१७ मा कम्पनी सरकार र सिक्किम सरकारबीच सम्पन्न भएको तितलिया सन्धि अनुसार कम्पनी सरकारले उक्त भूभाग सिक्किमलाई फर्काइदियो । सिक्किमले पनि उक्त भूभागमा १८ वर्षसम्म मात्र शासन गर्‍यो । तत्कालीन सिक्किमका राजाा सद्क्योङ नामग्यालले कम्पनी सरकारलाई फिर्ता दिएका थिए । पश्चिम बंगालभित्र दार्जिलिङ भूभागको विलयको भौगोलिक संलग्नता ऐतिहासिक संयोग मात्र मानिन्छ । दार्जिलिङ भूभाग कहिले कता, कहिले कता गाभ्ने काम भएकोले पनि अझै विवादित नै रहेको पाइन्छ ।

सन् १९०७ मा दार्जिलिङ जिल्लालाई बिहारको भागलपुर विभागमा अन्तमुक्त गरिनु, सन् १९१२ मा भागलपुरबाट सारेर बंगालको राजशाही विभागको पुनः एक अंग हुनुले पनि दार्जिलिङको ऐतिहासिक यथार्थ चित्रण गर्दछ । सन् १९१९ को कानुन बमोजिम दार्जिलिङ भूभागलाई निषेधाज्ञा क्षेत्र पनि बनाइयो । सन् १९३५ मा १९१९ को कानुनमा सुधार गरी पार्सियल्ली उक्स्सुलेटेड एरिया बनाएर राखियो । एक्सुलेटेडको मतलव भारतीय संविधान र कानुन लागू नहुनु हो । दार्जिलिङका नेपालीभाषीले सन् १९०५ देखि छुट्टै राज्यका लागि माग गर्दै आएका छन् । त्यसबेला शिक्षित नेपालीभाषी युवाहरूले 'हाम्रा लागि कुनै प्रकारको छुट्टै शासन पद्धति बन्दोवस्त गरिदेऊ' भनेर व्रिटिस कम्पनी सरकारसँग माग गरेका थिए । तर, उनीहरूको भागप्रति कुनै सुनुवाई भएन । त्यस्तै ८ नोभेम्बर १९१७ मा पनि छुट्टै राज्यका लागि ज्ञापनपत्र बुझाउने काम गरिएको थियो । त्यस ज्ञापनपत्रमा दार्जिलिङ जिल्लालाई बंगालबाट अलग गरेर आसाम, डुवर्स र पूर्व भोटाङको केही पहाडी अञ्चलसहित पूर्व सिमान्त प्रदेश गठन गर्न अनुरोध गरिएको थियो ।



सन् १९४५ मा दार्जिलिङका नेपालीभाषी जनताप्रति सद्भाव देखाउने रुपनारायण सिन्हाले दार्जिलिङ जिल्लालाई बंगालबाट अलग राख्ने प्रस्ताव राखेका थिए । बंगालबाट अलग गरी केन्द्र शासित इलाका वा चिफ कमिश्नर प्रभिन्स बनाउने सिन्हाको प्रस्ताव थियो । तर, उनको त्यो प्रस्तावलाई अंग्रेज शासकले तुहाइदिए । स्मरणीय छ, ती सम्पूर्ण चिफ कमिस्नर प्रभिन्स अन्तर्गतका प्रान्तहरूले पूर्ण राज्यको रुप ग्रहण गरिसकेका छन् । यसैगरी, १५ मई १९४३ मा डम्बरसिंह गुरुङको नेतृत्वमा अखिल भारत गोर्खा लिग स्थापना भयो । त्यस संस्थाको उद्देश्य पनि दार्जिलिङ भूभागलाई बंगालबाट अलग गराउने थियो । सन् १९४४ मा हरिप्रसाद प्रधानको नेतृत्वमा हिलम्यान एसोसिएसन गठन भयो । त्यसको उद्देश्य पनि बंगालबाट अलग रहने थियो ।







भारत स्वतन्त्र भएको दुई वर्षपछि रुपनारायण सिन्हा दार्जिलिङमा पुनः उदाए, गोर्खा लिगको विशेष सहयोगी भएर । उनकै परिकल्पना अनुसार उत्तराखण्ड राज्य निर्माण गर्ने अभियान चालियो । दार्जिलिङ, जलपाइगुडी, कोचविहार जिल्ला मिलाएर गठन हुने प्रस्तावित उत्तराखण्ड राज्यका लागि ३० अक्टोबरमा एक कमिटीको विधिवत घोषणा गरिएको थियो । १७ अप्रिल १९४८ मा डम्बरसिंह गुरुङको निधन भएपछि रणधीर सुब्बाले नेतृत्व सम्हाले, गोर्खा लिगको । उनको नेतृत्वा प्रस्तावित उत्तराखण्ड राज्यको सम्बन्धमा व्यापक रुपमा प्रचारप्रसार गरियो । तर, तत्कालीन भारतका उप-प्रधानमन्त्री सरदार बल्लभभाई पट्टेलले उत्तराखण्ड राज्यको विरुद्ध कडा प्रतिक्रिया व्यक्त गरेपछि प्रान्त निर्माण कमिटी धुजाधुजा भयो । त्यसैबीच भारतमा आम निर्वाचन सम्पन्न भयो । पश्चिम बंगालमा डा. बी.सी. राय राष्ट्रिय काँग्रेसको तर्फबाट मुख्यमन्त्री भए । विधानसभा सदस्य तथा कम्युनिस्ट नेता धीरेन बेनर्जीले पश्चिम बंगालका नेपालीभाषी इलाकाका निम्ति पश्चिम बंगालभित्र स्वायत्त शासन दिनुपर्छ भनी बुलन्द आवाज उठाए । तर, त्यसको कडा विरोध गर्दै मुख्यमन्त्री डा. बीसीले स्वायत्त शासनको मागविरुद्ध घुंडा घसेर लड्ने धम्की दिए । त्यसपछि स्वायत्त शासनको प्रस्ताव पनि तुहियो । कम्युनिस्ट विधायक धीरेन बेनर्जीले स्वायत्त शासनको मागविरुद्ध डा. बीसी रायले घुंडा घसेर लड्ने चेतावनी दिएपछि तिनताका विपक्षी दलका कम्युनिस्ट नेता ज्योति बसुले कडा रुपमा प्रतिउत्तर दिनुभएको थियो- 'यदि तपाईंले दार्जिलिङ नेपाली जनताका सम्बन्धमा न्यायको कुरा गर्नुहुन्छ भने तिनीहरूको संस्कृतिको विकास होस्, शिक्षाको उचित व्यवस्था होस्, शिक्षाको उचित व्यवस्था होस् । व्यवसायको विस्तार मात्र होइन त्यहाँका नेपालीले प्रगति मार्गमा अग्रसर हुने अवसर पनि पाउन् भन्ने हो भने तिनीहरूलाई आफ्नो प्रशासकीय कार्य आफ्नो भाषामा सम्हाल्ने अधिकार दिनुपर्छ ।'


स्वायत्त शासनका लागि कम्युनिस्ट नेताहरूले पश्चिम बंगालको विधानसभामा पश्चिम बंगालभित्रै दार्जिलिङ जिल्ला र डुबर्सका नेपाली भाषीको इलाका सहितको आञ्चलिक स्वायत्त शासनको माग १९५२ माा सशक्त रुपले उठाएका थिए । त्यस अभियानले त्यसबेला सशक्त रुप लिन सकेन । उता मुख्यमन्त्री डा. बीसी राय र अतुल्य घोषको गोर्खा लिगमलाई दुई टुक्रा बनाउने काम गरियो ।

पश्चिम बंगालभित्र स्वायत्त शासनका लागि लड्ने श्रेय कम्युनिस्ट नेताहरू रतनलाल व्राह्मण, गणेशलाल सुब्बा र कम्युनिस्ट संगठक सुशील चटर्जीलाई जान्छ । उनीहरूले सर्वप्रथम ब्रिटिस भारतभित्र 'गोर्खास्थान' को परिकल्पना गरेका थिए । व्रिटिस शासनकालमा परतन्त्र भारतमा सबै जाति एकवद्ध भई विदेशी शासक हटाउने प्रयासमा कटिवद्ध भए पनि भारतजस्तो अनेकतामाा एकता भएको बहुजातिको अस्तित्वको प्रश्न त्यसबेला बडो जटिल अवस्थामा थियो । यही जटिलतालाई सामना गर्न सन् १९४५ मा राष्ट्रिय कंग्रेसले पनि भारतीय जातिहरूलाई आत्मनिर्णयको अधिकार स्वीकार गरेर प्रस्ताव ग्रहण गरेका थिए ।

गोर्खाल्याण्डको माग पनि कम्युनिस्टहरूले सन् १९४५ मै उठाएका थिए । कालान्तरमा भारत स्वतन्त्र भएपछि दुवै पार्टीले आ-आफ्नो अडानलाई चटक्कै विर्सिए । सन् १९४९/५० मा गोर्खा लिगको नेतृत्वमा उठान भएको उत्तराखण्डको मागलाई तिनताका कम्युनिस्टहरूले स्वीकार गरेको भए निश्चय नै दार्जिलिङ भूभाग छुट्टै राज्य बनिसक्ने थियो ।

सन् १९५३ मा आन्ध्र प्रदेशको गठन भएको थियो । अलग तेलांगनाको आवाज त्यसबेलै उठेको थियो । त्यसबेला तेलांगनाको माग जेन्टलम्यान प्याक्टद्वारा पर धकेलियो । सन् १९६० को दशकमा अलग तेलांगनाको लागि आन्दोलन चर्कियो । सयौंले बलिदानी गरे । तर त्यस आन्दोलनलाई निर्ममतापूर्वक दबाइयो । आन्ध्र प्रदेशमा आफ्नो भाषाको सम्मान नभएको र जातीय पहिचान पनि कमजोर रहेको जनगुनासो चलिरह्यो तर राज्य निर्माणको एकाधिकार बोकेको केन्द्र सरकरले जनगुनासोप्रति कुनै चासो देखाएन । सन् १९४० को दशकमा आन्ध्र प्रदेश सशस्त्र किसान विद्रोहीको केन्द्र थियो । अहिले माओवादी सशस्त्र संघर्षको मैदानका रुपमा परिचित छ । कांग्रेस आईले सन् २००४ को घोषणापत्रमा तेलांगना प्रदेशका लागि संघर्षरत तेलांगना राष्ट्र समिति (टिआरएस) चुनावी गठबन्धन गर्दा तेलांगना प्रदेशको मागलाई समर्थन गरेको थियो । चुनावी स्वार्थ बोकेर भारतीय जनता पार्टी, भारतीय कम्युनिस्ट पार्टी र तेलागु देशम पार्टीले समेत तेलांगना राज्यको समर्थन गरे । जब तेलांगना राज्यका निम्ति आन्दोलन चर्कियो । कसैले थेग्न नसक्ने भए । भाषिक सिद्धान्तका आधारमा राजनीतिक दलहरू तेलांगना प्रनेश निर्माणमा सहमत भए । कांग्रेस पार्टीका सन् १९२० देखि १९४० सम्मका दस्तावेजमा गान्धी र नेहरूसम्मले विभिन्न तथ्य र तर्कका साथ भाषिक आधारमा प्रदेशको गठन र पुनर्गठनलाई जोड दिएको पाइन्छ । सन् १९५० को सुरुमै भाषिक प्रदेशको माग प्रभावशाली रुपमा उठेपछि कांग्रेसको केन्द्रीय नेतृत्व प्रशासनिक संघीयताको पक्षमा र प्रदेश नेताहरू भाषिक संघीयताको पक्षमा विभाजित भए । सन् १९५३ मा कांग्रेस सरकारले स्टेट रिअर्गनाइजेसन कमिसन बनायो । यसले भाषिक पक्षलाई मात्र नलिई आर्थिक सामर्थ्य प्रदेशको आकार र प्रशासनिक सुविधालाई ध्यानमा राखेर प्रदेश निर्माण गर्न सिफारिस गर्‍यो । पछि प्रदेश निर्माणमा भाषिक सिद्धान्तलाई नै अवलम्बन गरिएको पाइन्छ । सन् १९५६ मा यही सिद्धान्तका आधारमा भारतमा प्रदेशहरूको गठन र पुनर्गठन गरिएको थियो ।





अहिले गोर्खा भाषीहरूले गरेको आन्दोलन भाषिक सिद्धान्तका आधारमा संघीयताको निर्माणलाई समातेको छ । दार्जिलिङ जलपाईगुडी क्षेत्रलाई अलग प्रशासनिक इकाइ बनाउनुपर्ने माग सन् १९०७ देखि नै सुरु भएको हो । यही माग अहिले अलग गोर्खाल्यान्ड राज्यमा विस्तारित भएको छ । गोर्खाल्यान्ड माग भाषिक जोडिएको प्रदेश निर्माणका लागि भइरहेको छ । तेलांगनालाई झैँ गोर्खाल्यान्डलाई पनि पृथक राज्य बनाइए दार्जिलिङको आन्दोलन स्वतः समाप्त हुने निश्चित छ । तर भारतीय शासकवर्ग कहिले पार्वत्य परिषत त कहिले जिटिएको भुलभुलैयामा गोर्खाभाषीहरूलाई राख्न सफल हुँदै आएका छन् । तेलांगना राज्य निर्माणपछि बोडो आन्दोलनदेखि विदर्भ प्रदेशका लागि आन्दोलन सुरु भएका छन् । तर सबभन्दा कडा आन्दोलन दार्जिलिङबासी नै गरिरहेका छन् । बहुसंख्यक समूहको पहिलो प्राथमिकता प्रशासनिक संघीयता नै रहेको पुष्टि दक्षिण भारतका गेरहिन्दी भाषी समुदायले चलाएको आन्दोलनले पुष्टि गरेको छ । यही आन्दोलनले भारतमा भाषिक पहिचानको आधारमा प्रदेश संरचना गराउन बाध्य गरेको थियो ।

प्रेरक

## संसार भ्रमण गर्ने पहिलो व्यक्ति

के पोर्चुगलका खोजकर्ता फर्डिनान्ड म्यागनल संसारको चक्कर लगाउने पहिलो व्यक्ति थिए ? के उनले संसारको सबैभन्दा ठूलो समुद्रलाई आफ्नो नाम दिएका थिए ? यस्तो होइन ।

१४८० मा जन्मिएका फर्डिनान्ड प्रशान्त महासागर पार गर्ने पहिलो व्यक्ति चाँहि थिए । १५१९ मा म्यागनल आफ्नो टोलीसहित समुद्रको बाटोमा स्पाइस द्विप खोज्नका लागि निस्किएका थिए । केही देश भएर हिँडेपछि तीन वर्षपछि यो समूह सोही स्थानमा नै फर्किएको थियो ।

स्पेनहुँदै गएको यो यात्रा पूरा गरेको खुसी मनाउनका लागि भने कमैमात्र जीवित थिए । २७० जनाको चालक दलसँग भएको यो यात्रा अन्त्य हुँदा १८ जना मात्रै जीवित बँचेका थिए । यात्राकै क्रममा म्यागलनको पनि मृत्यु भएको थियो ।

यो यात्राका क्रममा १५२१ मा म्यागलन फिलिपिन्सको पूर्वी तटमा पुगेका थिए । त्यहाँका आदिवासीले उनलाई सिबू टापुमा लिएर गए । म्यागनल र उनको चालक दलका सदस्य सिबुका स्थानीयसँग राम्रो साथी बने ।

यति गहिरो दोस्ती भयो कि म्यागलन आफ्ना साथीलाई छिमेकी टापुमा रहने उनका दुश्मनको आक्रमणबाट बचाउन तयार भए । उनीहरूले हमलाको तयारी गरे र समूहको नेतृत्व म्यागलन आफैंले गरे । तर उनी घाइते भए र उनलाई बिषमा डुबेको एक तीर लाग्यो र उनको मृत्यु भयो ।

म्यागलनसँग गएका मानिस स्पाइस टापु खोजेपछि सोही बाटो फर्किन चाहन्थे, तर उनीहरू आफ्नो बाटो परिवर्तन गरेर छोटो बाटोमा स्पेन फर्किए । म्यागलनले यसै बाटोलाई प्रशान्त महासागर भनेका थिए, तर यो देख्ने उनी पहिलो युरोपियन थिएनन् । बर्षौंपछि स्पेनका खोजकर्ता भास्को नुनेज डी बालबोआ पनामाबाट प्रशान्त महासागरको किनारामा पुगे ।

## साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष
तत्कालको फाइदा हेर्दा परिस्थिति बिग्रन सक्छ । नियमित काम सम्पादन भए पनि पारिवारिक मतभेदले व्यवधान निम्त्याउनेछ । बेसुरमा वचन दिने बानीले अप्ठ्यारो पर्न सक्छ । निर्णायक मोडमा दुविधा उत्पन्न हुने समय रहेकाले सजग रहनुपर्ला । हिस्सेदारसँग असमझदारी बढ्ने हुँदा पहिलेको सम्झौता भंग हुन सक्छ । महत्वाकांक्षी योजना सार्वजनिक नगर्नुहोला ।

### वृष
आफ्नो प्रतिफलबाट अरूले फाइदा उठाउन सक्छन् । परिस्थितिवश आँटेको काममा विलम्ब हुनेछ । सहयोगीहरूले बीचैमा हात झिक्न सक्छन् । मौका आए पनि समयमा जागरुक नबन्दा पछि परिनेछ । उपलब्धिका लागि दोहोऱ्याएर काम गर्नुपर्ला । काम पूर्ण नभए पनि मिहिनेतले आंशिक लाभ दिलाउनेछ । आर्थिक लेनदेनमा अलि होसियार रहनुहोला ।

### मिथुन
खर्चिलो काम थाल्नाले समस्या पर्न सक्छ । हातमा आएको रकम अरूका लागि खर्चनुपर्नेछ । अरूको मुख ताक्ने बानीले आफ्नो काम अधुरो रहनेछ । शुभचिन्तकहरूको भावना बुझेर अघि बढ्नुहोला । आत्तिने बानीले बोलीको गलत अर्थ लाग्न सक्छ । अध्ययनमा त्यति समय दिन नसकिएला । बुद्धिले काम लिँदा चिताएको योजना कार्यान्वयन गर्न सकिनेछ ।

### कर्कट
काम पूरा नभए पनि रमाइलो जमघटमा सहभागी बन्ने अवसर आउला । आफन्तसँग भेटघाट हुनुका साथै स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ । पहिलेको सफलताले नयाँ काममा हौसला जगाउनेछ । आगन्तुकहरूले अलमल्याउने हुँदा कामलाई बाधा पुग्न सक्छ । स्वास्थ्यका लागि खानपानमा सजग रहनुहोला । महत्वाकांक्षी योजना थालनी हुनेछ ।

### सिंह
पछिका लागि केही वस्तु त्याग्नुपर्ला । दोहोऱ्याएर प्रयत्न गर्दा रोकिएको काम बन्नेछ । अर्थअभाव खट्किए पनि आवश्यक पर्दा सरसापट वा कर्जामार्फत धन जुट्नेछ । विदेश भ्रमणका लागि प्रयत्न गर्ने समय छ । टाढाका साथीभाइले काममा साथ दिनेछन तर, खर्च बढ्नेछ भने समयमा आलस्य गर्ने बानीले पछि परिनेछ । लगानी बढाउने अवसर प्राप्त हुनेछ ।

### कन्या
दिन निकै लाभदायक रहनेछ । प्रयत्न गर्दा राम्रो उपलब्धि हातलागी हुनेछ । पहिले रोकिएको काम बन्नेछ भने जिम्मेवारी समेत बढ्न सक्छ । आम्दानी बढ्नाले उत्साह जाग्नेछ । व्यापारमा राम्रै फड्को मार्न सकिनेछ । श्रमको उचित मूल्यांकन हुनेछ । सञ्चित धनको उपयोग गर्दा फाइदा हुनेछ । दिगो काम सुरु हुनेछ र छोटो समयमै उपलब्धि हातलागी हुनेछ ।

### तुला
आँटले काम लिन नसक्दा केही पछि परिनेछ । समयको तालमेल नमिल्दा योजना अधुरै रहनेछ । ईर्ष्या गर्नेहरू सक्रिय रहनेछन् भने अवसरवादीहरूले आफ्ना कमजोरीको फाइदा उठाउने चेष्टा गर्नेछन् । सानातिना काममै अल्झनुपर्नेछ । कामको राम्रै मूल्यांकन भए पनि प्रतिफल हातपार्न समय लाग्नेछ । दीर्घकालीन योजना बनाएर काम प्रारम्भ गर्ने बेला छ ।

### वृश्चिक
पहिलेका कमजोरीले केही समस्या उब्जाए पनि सोचेको काम सम्पादन गर्न सकिनेछ । आध्यात्मिक चेतनाले धर्मकर्म र सेवामूलक काममा प्रवृत्त गराउनेछ । स्वास्थ्यका लागि खानपानमा सजग रहनुहोला । चुनौतीपूर्ण जिम्मेवारी आए पनि बुद्धि-विवेकले काम सम्पादन गर्न सकिनेछ । अप्ठ्यारा परिस्थितिमा पनि समस्या दर्साउँदा सहयोगीहरूको साथ जुट्नेछ । सोचेको काम पूरा हुनेछ । समय बलवान छ ।

### धनु
स्वास्थ्यका लागि व्यायाम तथा आहारविहारमा ध्यान पुऱ्याउनुहोला । खर्च र चुनौतीको समय रहेको हुँदा अलि सजग रहनुपर्ला । पहिलेका समस्या दोहोरिनाले उत्साहपूर्वक काम गर्न नसकिएला । गोपनीयता बाहिरिनाले समस्या पर्ला । आयस्रोत फेला परे पनि धन संग्रहमा बाधा पुग्नेछ । अप्ठ्यारा परिस्थितिसँग सम्झौता गर्नुपरे पनि बुद्धिले लक्ष्य पहिल्याउन सकिनेछ ।

### मकर
बिछोडिएका आफन्तजनसँग रमाइलो भेटघाट हुनेछ । प्रेम र मित्रताको बन्धन कसिनेछ । परिवारजनको साथले उत्साह जगाउनेछ । अप्ठ्यारा परिस्थितिलाई समेत सहज बनाउन सकिनेछ । व्यापार र पेसाबाट प्रशस्त लाभ हुनेछ । आफन्तसँग सुमधुर सम्बन्धका लागि व्यवहारमा ध्यान पुर्याउनुहोला । लोकाचारका पछि लाग्दा अरूले फाइदा उठाउन सक्छन् ।

### कुम्भ
काममा केही चुनौतीहरू देखिनेछन् र सोचेको फाइदा उठाउन मुस्किल पर्नेछ । वैधानिक प्रावधानले पनि लक्ष्यमा पुग्न अप्ठ्यारो पर्नेछ । प्रतिस्पर्धी बढ्नाले अधिकार सुरक्षा गर्न जुट्नुपर्नेछ । चिताएका काममा बाधा पुऱ्याउनेहरू प्रशस्तै हुनेछन् । केही अप्ठ्यारो परिस्थिति सामना गर्नुपर्ला । फजुल खर्चका साथै ठगीमा परिने योग भएकाले होसियार रहनुहोला ।

### मीन
अस्वस्थताले आफूलाई कमजोर भएको अनुभूति हुनेछ । शुभचिन्तकहरू समेत टाढा हुने समय छ । आक्षेप लगाउनेहरू सक्रिय हुनेछन् भने सहयोग गर्नेहरू कमै भेटिनेछन् । सेवामूलक काम बीचैमा रोकिन सक्छ । परिस्थितिले काममा अलमल्याए पनि मिहिनेत गर्दा फाइदाको स्रोत पहिल्याउन सफल भइनेछ । प्रयत्न गरेका काम मुस्किलले सम्पादन हुनेछन् । धेरै राम्रो समय आएको छ । सोचेको सबै काम पूरा हुँदै जानेछन् ।

## समाचार संक्षेप

### आगलागीबाट ३ जनाको मृत्यु

काठमाडौं । सिन्धुपाल्चोक, हेलम्बु गाउँपालिका-७ सर्सिङ बस्ने सन्च तामाङको गोठमा आगलागी हुँदा सोही आगलागीमा जली ३ जनाको मृत्यु भएको छ । मृत्यु हुनेहरूमा सन्च तामाङको ६ वर्षीय छोरा मनोज तामाङ, सोही ठाउँ बस्ने सुकुमान तामाङको ५ वर्षीय छोरा मनिस तामाङ र साइला तमाङको छोरा ५ वर्षीय दिल बहादुर तामाङ रहेका छन् ।

भक्तपुर, मध्यपुर ठिमी नगरपालिका-७ सिद्धिकाली बस्ने जगतकृष्ण हेङ्जुले सञ्चालन गरको शुभ श्री बैंकुट परिसरभित्र रहेको अफिसमा विद्युत सर्ट भई आगलागी हुँदा करिब १० लाख रुपैयाँ मूल्य बराबर धनमाल जलेर नष्ट भएको छ ।

ताप्लेजुङ, आठराई त्रिवेणी गाउँपालिका-३ चुवा बस्ने तुलसी याक्सोको २ वटा घरमा बिद्युत सर्ट भई आगलागी हुँदा घरभित्र रहेको सुनचाँदी, नगद, अन्नपात, लत्ताकपडा, भाँडावर्तन समेत जलेर करिब २५ लाख रुपैयाँ बराबरको धनमाल नष्ट भएको छ ।

### बसको ठक्करबाट चालकको मृत्यु

सिन्धुपाल्चोक । मेलम्ची नगरपालिका-१२ बाहुनेपाटी बजारस्थित सडकमा बसले मोटरसाइकललाई ठक्कर दिँदा मोटरसाइकल चालक नुवाकोट बेलकोटगढी नगरपालिका-१० पिप्ले घर भई हाल सोही ठाउँस्थित मेरो माइक्रो फाइनान्समा काम गर्ने २३ वर्षीय बासु बस्नेतको घटनास्थलमै मृत्यु भएको छ । हाल फरार रहेका बस चालकलाई खोजी गर्नुका साथै यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

### मृत अवस्थामा फेला

काठमाडौं । सोलुखुम्बु, खुम्बुपासाङ ल्हामु गाउँपालिका-४ खुम्जुङ बस्ने ४२ वर्षीय पासाङ छिरी शेर्पा सोही ठाउँस्थित खुम्जुङ गुम्बाबाट खुन्देतर्फ जाने बाटोमा मृत अवस्थामा फेला परेका छन् । गोरखा, गोरखा नगरपालिका-१२ खत्रेबेशीस्थित दरौदी खोलाको किनारमा सोही ठाउँस्थित नयाँबस्ती बस्ने ६५ वर्षीया डोल्मा तामाङ मृत अवस्थामा फेला परेका छन् । असोज ३० गतेदेखि घरबाट हराई बेपत्ता भएका उनको खोजी गर्ने क्रममा उक्त ठाउँमा शव फेला परेको हो । चितवन, कालीका नगरपालिका-३ हिस्सेटाडीस्थित पर्खालको आडमा हाल नाम, थर, वतन नखुलेका करिब ४५ वर्षीय पुरुष मृत अवस्थामा फेला परेका छन् । रुकुम (पश्चिम), मुसिकोट नगरपालिका-१० गलमपाति बस्ने ३३ वर्षीय रनबहादुर रोका सोही ठाउँस्थित भिरमा मृत अवस्थामा फेला परेका छन् ।

### छुट्टाछुट्टै सवारी दुर्घटनामा ९ जनाको मृत्यु

काठमाडौं । तनहुँ, सिन्धुली, सर्लाही, बर्दिया, झापा, रसुवा र रुपन्देहीका छुट्टाछुट्टै स्थानमा भएका सवारी दुर्घटनामा ९ जनाको मृत्यु भएको छ ।

तनहुँ, भानु नगरपालिका(१ भन्सारस्थित सडकमा ना।६ ख ९१३४ नम्बरको बसले बा।४५ प २३८३ नम्बरको स्कुटरलाई मंगलबार दिउँसो ठक्कर दिँदा स्कुटर चालक गोर्खा पालुङटार नगरपालिका(४ वतडाँडा बस्ने २४ वर्षीय सुवर्ण देवकोटाको मृत्यु भएको छ । ठक्करबाट गम्भीर घाइते भएका उनको जिल्ला अस्पताल दमौलीमा उपचारको क्रममा मृत्यु भएको हो । बस चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

सिन्धुली, कमलामाई नगरपालिका(८ सिस्नेरीस्थित सडकमा बा।२० च ९२२६ नम्बरको गाडी र ना।३६ प ५८९ नम्बरको मोटरसाइकल एक आपसमा ठक्कर खाई मंगलबार साँझ दुर्घटना हुँदा मोटरसाइकल चालक बागलुङ घर भएका २६ वर्षीय तेजेन्द्र बुढा मगरको घटनास्थलमै मृत्यु भएको छ । दुर्घटनाको विषयलाई लिएर स्थानीय बासिन्दाहरूले उक्त गाडीमा आगजानी गर्दा गाडी पूर्णरुपमा जेलर नष्ट भएको छ । गाडी चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

यसैगरी सिन्धुली, दुधौली नगरपालिका(२ गागनस्थित सकडमा जा।९ प ९४२६ नम्बरको मोटरसाइकल अनियन्त्रित भई सडकबाट करिब २० मिटर तल खसेर मंगलबार राति दुर्घटना हुँदा चालक दुधौली नगरपालिका(१ बंकाडाँडा बस्ने ४५ वर्षीय दिलिप अधिकारीको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको चन्दनपुर पोलिक्लिनिकमा उपचारको क्रममा मृत्यु भएको हो ।

सर्लाही, बागमती नगरपालिका(१० केराबारीस्थित सडकमा बीआर ०५ पीए ७१९९ नम्बरको सुमो गाडीले जा।१२ प ९९०७ नम्बरको मोटरसाइकललाई मंगलबार साँझ ठक्कर दिँदा २ जनाको मृत्यु भएको छ । मृत्यु हुनेहरूमा मोटरसाइकलमा सवार हरिवन नगरपालिका(७ बस्ने २५ वर्षीय देब मोक्तान र सोही ठाउँ बस्ने २३ वर्षीय मिलन ब्लोन रहेका छन् । दुर्घटनामा घाइते भएका उनीहरूको नमुना अस्पताल हरिवनमा उपचारको क्रममा मृत्यु भएको हो । सुमो चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

बर्दिया, गेरुवा गाउँपालिका-६ नारायणपुरस्थित सडकमा हाल नम्बर नखुलेको मोटरसाइकलको ठक्करबाट पदैलयात्री सोही ठाउँ बस्ने ७५ वर्षीया सुगनी थारुको मंगलबार साँझ मृत्यु भएको छ । ठक्करबाट गम्भीर घाइते भएकी उनको स्थानीय मेडिकल प्रसेनिपुरमा उपचारको क्रममा मृत्यु भएको हो । हाल फरार मोटरसाइकल चालकको प्रहरीले खोजी गरिरहेको छ ।

झापा, कनकाई नगरपालिका-३ स्थित सकडमा मे।९ प ६५१९ नम्बरको मोटरसाइकललाई मे।१ ज १४०५ नम्बरको गाडीले मंगलबार दिउँसो ठक्कर दिँदा मोटरसाइकल चालक कन्काई नगरपालिका(६ बस्ने ६० वर्षीय कबिराज बोहोराको मृत्यु भएको छ । ठक्करबाट गम्भीर घाइते भएका उनको बिएनसि बिर्तामोडमा उपचारको क्रममा मृत्यु भएको हो । दुर्घटनामा घाइते भएका गाडीमा सवार ५ जनाको सोही अस्पतालमा उपचार भइरहेको छ । बोलेरो चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

रसुवा, गोसाईकुण्ड गाउँपालिका-६ ठाडेस्थित सकडमा ना.१ ज ६१७६ नम्बरको सुमोको ठक्करबाट पैदलयात्री सोही ठाउँ बस्ने ४ वर्षीया नैना घलेको मृत्यु भएको छ । ठक्करबाट गम्भीर घाइते भएकी उनको त्रिशुली अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो । पदैलयात्रीलाई ठक्कर दिँई सुमो समेत अनियन्त्रित भई सडकबाट करिब ३० मिटर तल खसेर घाइते भएका सुमो चालक समेत ६ जनामध्ये २ जना पैदलयात्रीलाई सोही अस्पताल हुँदै थप उपचारका लागि बिपि अस्पताल काठमाडौं पठाइएको छन भने २ जनाको त्रिशुली अस्पतालमा उपचार तथा २ जना उपचार भइरहेको पश्चात डिश्चार्ज भएका छन् ।

रुपन्देही, बुटवल उपमहानगरपालिका-१३ जितगढीस्थित सकडमा ना.७ ख ९०६ नम्बरको बसले लु।२६ प ५८९८ नम्बरको मोटरसाइकललाई मंगलबार राति ठक्कर दिँदा मोटरसाइकलमा सवार बुटवल उपमहानगरपालिका(१३ बस्ने ५२ वर्षीय टंकमणी भन्ने राम प्रसाद बन्झाडेको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको एडमान सिटी अस्पताल जितगढी सामान्य उपचार पश्चात लुम्बिनी सिटी बुटवलमा थप उपचारको क्रममा मृत्यु भएको हो । मोटरसाइकल चालकको गम्भीर अवस्थामा उपचार भइरहेको छ । हाल फरार बस चालकको प्रहरीले खोजी गरिरहेको छ ।

### मृत अवस्थामा फेला

काठमाडौं । सिन्धुली, सुनकोशी गाउँपालिका-२ मजुवाबगरस्थित सुनकोशी नदीमा सोही गाउँपालिका-१ बस्ने ४० वर्षीय कुमार मोक्तान तामाङ मंगलबार मृत अवस्थामा फेला परेका छन् ।

झापा, बुद्धशान्ती गाउँपालिका-४ पानीघट्टा बस्ने ६२ वर्षीय लोक बहादुर भन्ने जित बहादुर कुमाल वन ज्वती सामुदायिक बनको ब्लक नम्बर ४ मा मंगलबार मृत अबस्थामा फेला परेका छन् । काठमाडौं, काठमाडौं महानगरपालिका(१३ गाईबाच्छापाटीस्थित अच्युत पाण्डेको कोही बसोबास नगर्ने खाली घरको शौचालयमा हाल नाम, थर, वतन नखुलेका करिब ३२ वर्षीय पुरुष मंगलबार मृत अवस्थामा फेला परेका छन् । म्याग्दी, रघुगंगा गाउँपालिका(१ वेगस्थित वेग खोलाको किनारमा हाल नाम, थर, वतन नखुलेका करिब ४० वर्षीय पुरुष मृत अवस्थामा फेला परेका छन् ।

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Opalescent = इन्द्रेणि रंग भएको If you put oil in water, it seems opalescent (यदि तिमीले पानीमा तेल हाल्यौ भने इन्द्रणी रंग देखिन्छ)

Pyromaniac = जे कुरा पनि आगोमा हाली खरानी वनाउन चहाने प्रवृत्ति As child he was pyromaniac but now he is not so (वच्चा हुंदा उस्को जे पनि आगोमा हाल्ने वानी थियो तर अहिले उ त्यस्तो छैन)

Putative = सबैले ठानेका The putative author of this novel is Mr. Laden (यो किताबको सबैले ठानेको लेखक लाडेन हुन)

Rococo = गहन रुपले कुंदिएको His living room is furnished with rococo furniture (उस्को बैठक गहनरुपले कुंदिएका फर्निचरद्वारा सिंगारिएको छ)

Sylvan = काष्ठ संवन्धी He always paints in sylvan background (उ संधै काष्ठ पृष्ठभूमीमा कला सृजना गर्दछ)

Travail = दर्दपूर्ण श्रम Nepalese people tend to hesitate the good job at home but do travail job abroad (नेपालीहरू देशमा राम्रो काम गर्न संकोच मान्छन विदेशमा भने दर्दपूणर् श्रम गर्न हिचकिचाउदैनन)

Unguent = मलहम If you have a sore muscles apply this unguent gently (तिम्रो मसल दुखेको छ भने यो मलहम राम्ररी दल)

Vivisection = जनावरहरूलाई काटी टुक्राउने कार्य Some animal right activists oppose the vivisection of the animal for experiment (जनावर अधिकारवादीहरू अनुसन्धानको लागि जनावरलाई काटने कार्यको विरोध गर्दछन् )

Winnow = निफन्नु Without winnowing you can not cook rice (चामल ननिफनीकन भात पकाउन हुँदैन)

Awl = प्वाल पार्ने चुच्चो औजार He used an awl to pierce additional hole in his leather belt (पेटीमा अतिरिक्त प्वाल वनाउनको लागि उस्ले चुच्चो परेको औजार प्रयोग गऱ्यो )

## Pass बाट के के कुरा भन्न सकिन्छ थाहा पाउनुहोस्

Pass somebody over = कसैको जिम्मामा छोडिदिनु I pass over the remaining in favour of my assistant वाकि काम म मेरो सहायकको जिम्मामा छोडिदिन्छु ।

Pass somebody over = छुटाइदिनु His boss passed him over the promotion opportunity उस्को हाकिमले उस्को वढुवा हुने संभावना छुटाइदियो ।

Pass over something = वास्ता नगर्नु Since I know he is rude I always pass over his behaviour उ गवार छ भन्ने थाहा भएरनै म उसको ब्यवहारलाई वास्ता गर्दिन ।

Pass through = भएर जानु We came to say you hello as we were passing through यहि भएर जादै गर्दाले हामी तिमीलाई हेलो भन्न आयौं ।

Pass through something = ब्यहोर्नु She has passed through a difficult period after her father died वावुको मृत्यु पछि तिन्ले एक कठीन समय ब्यहोर्नु पर्‍यो ।

Pass something up = मौका गुमाउनु She had got a nice opportunity to study abroad but she passed it up उन्ले विदेशमा पढनज जाने राम्रो मौका पाएकि थिइन तर उन्ले त्यो गुमाइन ।

Passer by = पैदल यात्रु Police asked the passers by whether they have seen the accident दुर्घटना भएको देखेका थियौ क तिमीहरुले भनेर प्रहरीले पैदल यात्रुलाई सोध्दै थियो ।

Passable = छिर्न मिल्ने The lane here is not passable because of construction work निर्माण कार्यको कारण यो गल्लीबाट छिर्न मिल्दैन ।

### सुडोकु-अंक २३८

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | १ | | ७ | | ४ | | ५ | |
| | ७ | | ९ | | ८ | | ३ | |
| | | ९ | | | | १ | | |
| ३ | | | | ४ | | | | १ |
| ५ | | | १ | | ६ | | | ३ |
| ९ | | | | २ | | | | ५ |
| | | ३ | | | | ४ | | |
| | ६ | | ४ | | ३ | | ८ | |
| | ९ | | ५ | | १ | | ६ | |

### अंक २३७ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७ | ९ | ५ | ६ | ३ | ८ | २ | ४ | १ |
| ६ | ३ | ८ | १ | २ | ४ | ५ | ९ | ७ |
| १ | ४ | २ | ८ | ९ | ७ | ८ | ३ | ६ |
| ९ | ८ | ६ | ४ | ७ | २ | ३ | १ | ५ |
| ३ | ७ | ४ | ८ | ५ | १ | ६ | २ | ९ |
| २ | ५ | १ | ३ | ६ | ९ | ७ | ८ | ४ |
| ५ | १ | ७ | २ | ४ | ३ | ९ | ६ | ८ |
| ८ | ६ | ३ | ९ | १ | ५ | ४ | ७ | २ |
| ४ | २ | ९ | ७ | ८ | ६ | १ | ५ | ३ |

# Kim Jong Un Makes Commemorative Speech at Defence Development Exhibition

Pyongyang, October 12 (KCNA) -- The respected Comrade **Kim Jong Un** made a commemorative speech at the Defence Development Exhibition on October 11.

The following is the full text of the speech:

**Comrades,**

Today we will have an opportunity to see with our own eyes how the defence capability of our glorious motherland, the Democratic People's Republic of Korea, has developed.

I extend warm congratulations to you, who are participating in the Defence Development Exhibition, an epitome of the advanced, modern and courageous character of our Korea.

The Defence Development Exhibition Self-Defence 2021 opened today is adding lustre to the celebration of this year's anniversary of the founding of the Workers' Party of Korea.

As its name denotes, this exhibition is a grand festival that will demonstrate intensively and visually the far-reaching ambition, leadership ability and practical executive capability of our Party that is bringing about a fresh turn in consolidating the defence potential of our state by invariably holding fast to the invincible line of self-defence, as well as the level of remarkable development of our state's defence science and munitions industry and their bright future.

Today's grand-scale exhibition, a crystallization of our Party's revolutionary defence policy and its robust viability, is an epoch-making demonstration of our national strength no less significant than a large-scale military parade.

**Comrades,**

I still remember vividly the road of do-or-die revolution in the defence industry, an untrodden road, which our Party had to follow over the past five years, shouldering the heavy historic mission of fostering a more powerful and absolute strength with which to reliably defend the security of the country and the eternal dignity, happiness and safety of posterity in line with the demands of the changed objective and subjective conditions and environment of our revolution and the rapidly-changing military balance worldwide.

Every step we have taken on the road of developing our defence capability over the past five years, in which are etched severe trials as well as moments of emotive delight, was a step for quite a glorious and worthwhile revolution and patriotism, a step for a great victory; we can be proud of this in front of our Party, country, people and posterity.

We should not be inadvertent in seeing the military hardware displayed in fine array here, which we have managed to develop over the past five years.

The more we stroke them and the more we see them, the greater dignity and pride we feel and the more valuable we feel they are; they are ours.

All our people have rendered an unconditional and absolute support to our Party's policy of strengthening the defence capability despite the fact that they had to experience more severe hardships and difficulties caused by the persistent anti-DPRK schemes by the hostile forces, who are desperate not to see us growing stronger. But for their trust and ardent patriotism, we would never ever have developed them.

Every piece of those military hardware tells many unforgettable tales about our defence scientists and technicians and workers in the munitions industry who, following the Party, have braved all manner of difficulties on the road of defenceupbuilding; it is also permeated with the blood and sweat of these scientists, technicians and workers, who have worked self-sacrificingly by devoting their enthusiasm and wisdom.

They have always supported unconditionally and absolutely and accepted death-defyingly any of the demands and determinations of our Party, and displayed infinite loyalty and heroism on the road of accomplishing the historic cause of strengthening our defence capability.

Availing myself of this opportunity, I, on behalf of the Party, the government and all the people, extend warm gratitude to the scientists, technicians, persons of merits and all other workers in the munitions industry, who have rendered a contribution to achieving the outstanding, advanced successes that were conducive to building a world-class defence capability, the first of its kind in the history of our Republic, and to realizing our people's long-cherished desire.

